Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १६, अंक- १८, २०८० साल मंसिर २६ गते मंगलबार (Dec 12, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**

## बजार नपाउँदा बारीमै कुहिन थाल्यो गोलभैंडा



**सिन्धुपाल्चोक–** सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी-१४ डढुवामा उत्पादित गोलभैंडा बिक्री नभएपछि किसान समस्यामा परेका छन् । दैनिक चार सयदेखि पाँच सय क्रेट गोलभैंडा उत्पादन हुने गरेकामा मुस्किलले दुई सय क्रेट बिक्री भएपछि बारीमै कुहिन थालेका छन् ।

गत आर्थिक वर्ष करिब ११ लाख किलो गोलभैंडा उत्पादन गरेर बिक्री गरेका किसानले यस वर्ष बजार नपाउँदा घाटा व्यहोर्नुका साथै बारीमै कुहिन थालेका वडाअध्यक्ष उद्धव नेपालले जानकारी दिए । उनका अनुसार तरकारी र दूधबाट आत्मनिर्भर हुँदा हौसिएका किसान गेलभैंडाले बजार नपाउँदा भने निकै निरास भएका छन् ।

गत वर्ष तीन लाख सत्तरी हजारको गोलभैंडा बिक्री गरेको जनाउँदै किसान रेशमबहादुर आलेमगरले यस वर्ष रू एक लाखको पनि बिक्री नभएको बताए । "बीउ, गोडमेल, औषधिलगायतमा करिब रू तीन लाख जति खर्च भएको छ", उनले भने, "गत वर्षको तुलनामा यस वर्ष बढी खर्च भएको हो । करिब रू छ लाख बराबरको उत्पादन भए पनि लगानी उठाउन समस्या छ ।"

इन्द्रबहादुर पुरीले गतवर्ष तीन सय क्रेट बेच्दा रू दुई लाख १० हजार नाफा भएकामा यस वर्ष पाँच सय क्रेट बेच्दा नाफा हुन नसकेको गुनासो गरे । उत्पादन बढी भए पनि बजार मूल्य कम हुँदा लगानी उठाउन समस्या भएको उनको भनाइ थियो ।

## नेपालको बजार अझै सुस्त, उत्साह कतै छाएन

**काठमाडौं–** नेपालमा बजार सिथिल हुदै गएको र बजारमा माल सामानको बिक्री हुन छाडेको आर्थिक समस्या आएको लगानी विश्सनीय नभएको भनेर हल्ला गरिएको नै झण्डै तीन बर्ष बितिसक्यो यस्तो अवस्थामा नत सरकारले नै बजारलाई चलायमान हुने एस्ट्रा कार्यक्रम ल्याउन सक्यो नत नीजि क्षेत्रहरु नै यस्ता क्षेत्रमा लागे कोही कसैको पनि कुनै कार्यक्रम ल्याएको देखिदैन ।

आज आज भोली भोली भन्दा भन्दै बजारमा विगतमा चलिरहेका पसल, होटल, कम्पनीहरु एकपछि अर्को गर्दै पलायन हुन थालिसकेकाछन् । त्यसको मार विस्तारै काठमाडौ उपत्यकाका घर वालाहरुलाई समेत पर्न थालिसकेको छ । यहि अवस्था रहिराख्ने हो भने अर्को बर्ष सरकारलाई प्रप्त हुने घर बहाल राजश्व, लगायतका क्षेत्रमा समेत ह्रस आउन सक्ने अनुमान अहिले देखिनै लगाउन थालिएको छ ।

यो तीन बर्षमा नेपालमा कुनै पनि ठुला स्केलका उद्योग कलकारखाना स्थापना भएनन् । भएका उद्योगहरु बरु बन्द भएको समाचार आए यसरी दिनानु दिन नेपालको आयात बढ्दो निर्यात घट्दो अवस्थाले नेपालको आर्थिक क्षेत्रमा खासै उत्साह थपिएको छैन ।

नेपालका नेपालीहरुसँग लागनी गर्नलाई व्याक्तिसँग रकम भएपनि नेपालको झन्झटिलो अवस्थाले गर्दा लगानी गर्न नै नचाहेको एकथरी मानिसहरुको भनाई छ । अर्को तर्फ एकाथरी मासिनहरु नेपालीसँग रकम नै छैन । देश टाट पल्टिन लाग्यो भन्नेहरुको हल्ला पनि कम छैन ।

चाहिदा भन्दा बढी नै हल्ला गर्दा पनि देशको आर्थिक अवस्था सिथिल बन्दै गईरहेको छ । नेपालमा कुनैवेला जनयुद्ध हुदा समेत पर्यटन



नरोकिएको नेपालमा यतिवेला देश शान्तिपूर्ण अवस्थामा चलिरहेको वेला अर्थिक समस्या र नेपालमा हरेक प्रच्यत्न गर्दा समेत असफल भएपछि केही बर्ष अगाडी बानेश्वरमा प्रेम प्रसाद आचार्यले आत्मदाह गरेर ज्यान गुमाएकाछन् ।

यस्तो मानवीय संकट आउदा समेत सरकारले चासो देखाएर योजना बनाई नागरिकहरुलाई दिर्धकालीन रुपमा आईपर्ने समस्याहरु के हुन् । त्यसको अध्ययन गरेर समस्याहरुलाई सावधान गर्ने, जनताले काम गर्न चाहान्छु भन्दा सहज वातावरण बनाउने नीति बनाउनु पर्ने हो । त्यस्तो सुझावको रुपमा कतै कतै मञ्चमा कोही कुनै व्याक्ति विशेषले बोलेको सुनिए पनि नीतिगत रुपमा बृहत ढंगवाट काम भएको पाइएको छैन ।

यस्तो अवस्थालाई माथि उठाउन र निरास भएका मानिसहरुलाई उत्साह भर्न ठुलो स्केलको कार्यक्रम बिना देशमा बिग्रदै गएको आर्थिक संकुचन सध्ने देखिदैन । त्यसैले सवै क्षेत्रवाट सकरात्मक भुमिकाको कदम आवश्यक छ । त्यो काम सरकारले शुरु गरेमा सवैले साथ दिन्छन् । सरकारले नै अग्रसरता लिइराखेको छैन । सरकारले यसको अग्रसरता लिन ढिलो गर्नुहुदैन ।

## जैविक विविधताको ह्रास र वातावरणीय प्रदूषणका कारणले मानवजिवन संकटमा छ : राष्ट्रपति पौडेल



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल जलवायु परिवर्तनको प्रभाव न्यूनिकरणका लागि अन्तर्राष्ट्रिय सहयोगको प्रमुख हकदार भएको बताएका छन् । मंगलबार इसिमोड स्थापनाको ४० औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले जलवायु परिवर्तन, वातावरणीय र जैविक विविधताको ह्रासबाट हुने प्रभावहरू राष्ट्रिय सीमानाभित्र नभई सीमापारी र विश्वस्तरमासमेत पर्ने स्पष्ट पारे ।

'अहिलेको विश्व मानवसिर्जित जलवायु परिवर्तन, जैविक विविधताको ह्रास र वातावरणीय प्रदूषणका कारणले संकटमा छ । पहाडी संवेदनशील भूवनौट र कमजोर आर्थिक सामाजिक कारणहरूले गर्दा हिन्दुकुश हिमालयजस्ता पर्वतीय हिमाली क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव अझ व्यापक छ,' पौडेलले भने ।

राष्ट्रपति पौडेलले नेपालजस्ता मुलुकले हरितगृह ग्याँस उत्सर्जन र जलवायु परिवर्तनमा शून्यसरह योगदान गरे पनि यहाँ जलवायु परिवर्तनको प्रभाव अत्यधिक भएको उल्लेख गर्दै कार्वन उत्सर्जनको कारक नभएर पनि नेपालले जलवायु परिवर्तनको असर भोग्नुपरिरहेको बताए ।

» बाकी ६ पृष्ठमा

## रेड बुलले नेपालको अमरापुरीमा कारखाना खोल्यो

**काठमाडौं–** रेड बुलले नेपालको अमरापुरीमा ग्रीनफिल्ड उत्पादन सुविधासहितको कारखाना उद्घाटन गरेको छ ।


रेड बुल फ्याक्ट्रीले जर्मन र स्विस टेक्नोलोजी, स्वचालित उत्पादन प्रविधि, उत्कृष्ट वातावरणीय र सुरक्षा मापदण्डसहितको फ्याक्ट्री सञ्चालनमा ल्याएको जनाएको छ ।

यस फ्याक्ट्रीको आधाभन्दा बढी विद्युत् वैकल्पिक ऊर्जा स्रोतहरूबाट उत्पादन गरिने उल्लेख छ । अर्थमन्त्री डा. प्रकाशशरण महतको प्रमुख आतिथ्यमा उद्योगको उद्घाटन गरिएको छ । उद्घाटन समारोहमा टीसीपीका प्रमुख कार्यकारी अधिकृत सरभूत युविध्या लगायत अन्य विशेष अतिथिहरुको उपस्थिति रहेको थियो ।




अमरापुरी फ्याक्ट्रीले पहिलो चरणमा आन्तरिक बजारको लागि २५० एमएल क्यानमा

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १८, २०८० साल मंसिर २६ गते मंगलबार (Dec 12, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### पुर्वधारको निर्माण गर्दा समावेशीता अपनाऔ ।

नेपालमा पुर्वधार जस्तै सडक, विद्युत, खानेपानी,अस्पताल लगायत पूर्वधारहरुको विकास गर्दा समावेशीता, सम्मान सुविधा पुग्ने तरिकाले निर्माण गर्नुपर्दछ । जसले नेपाल देशका जुनसुकै कुनामा रहेका नागरिकमा एकरुपता सुविधा पुगोस् ।

हुनत सरकारले सधै सबै नागरिकलाई सम्मान व्यवहार भन्ने सिद्धान्त लागु गरेको छ । त्यसमाथि विकट ठाउँहरुलाई प्रथामिकतामा राखेर काम गर्ने पनि भनेको छ । तर नेपालका मुख्य शहरमा सडक र गल्ली गल्लीहरुमा पेटी उप्काएर पुन: बनाउने गरेको हामी सबैले देख्दै आएका छौ ।

उत्ता देशका कुना-कुनामा ग्रबेल सडक समेत बन्न नसकेका र ग्रबेल भएका ठाउँहरुमा समयमा सम्भार नहुदा कतिपय ठाउँमा बिरामी बोक्ने एम्बुलेन्स समेत पुऱ्याउन समस्या भईरहेको छ । लेखाईका एकथरी भएपनि व्यवहारमा भने अर्कोथरी काम नेपालमा हुने गरेको छ । यसरी लेख्ने, बोल्ने एकाथरी काम गर्ने अर्कोथरी मानिसहरु नै नेतृत्वमा छन् ।

तिनै मानिसहरुले फेरी सार्वजनिकस्थलमा विकासका कुरा रट्न बाकी राख्दैनन् । उनिहरुले गरेका लेखाई, बोलाई र व्यवहारमा फरक परेको कारण देशलाई विकासमा परेको असर कतिपनि महसुस गर्दैनन् । किनकी उनिहरुलाई यस्तै चलनमा रमाउने बानी परिसकेको छ ।

त्यसकारण नागरिकहरुले जागरुक भएर आवश्यक नै नभएको ठाउँमा बाटो भत्काएर रकम सक्नु भन्दा त्यही रकम बाटो नै नबनेका ठाउँमा बाटो बनाउने वा बटो बनेको तर स्तरउन्नति हुन नसकेको बाटोलाई स्तरउन्नति गरेर मानव यात्रा गर्न योग्य बनाउनु चै अत्यन्तै महत्वपूर्ण काम हो ।

यो महत्वपूर्ण काम हाम्रो नेपालमा भईराखेको छैन । दैनिक हजारौ, लाखौ मानिस हिडडुल गर्ने र सबैले देखिरहेकै ठाउँहरुमा जाहा आवश्यक भनईकन पनि पेटी भत्काएर, सडक उप्काएर भत्काउने, बनाउने गर्दै रकम सिध्याउने काम गरिरहेको देखिन्छ । यस्तो शहरमुखी विकास कार्यले शोभनिय देखिएको छैन ।

ऐन नियमहरु पनि यसका समस्या रहेको पनि बताईन्छ । त्यस्ता नियम ऐनमा समस्या हुन भने पनि सम्बन्धित निकायले यस्ता नमिल्दा अशोभनिय देखिने खालका विकासका नियम कानुन, ऐन संशोधन गरेर भएपनि विकास हुन नसकेका ठाउमा विकास गरेर कुना कुनामा बसेका नागरिकहरुलाई पनि सुविधा दिन थाल्नुपर्छ भने शहरमा भएका यस्ता भद्धा खालका विकास होइन छरितो जसले उत्पादन गरी विदेश निर्यात गर्ने वा स्वदेशमा आवश्यक पर्ने सामान बस्तु उत्पादन गरेर हजारौ शहरवासी वा अन्य ठाउँवाट आएका मानिसहरुलाई रोजगार दिनसक्ने तरिकाको विकास गर्न थाल्नुपर्छ । यस्ता नयाँ तरिकाहरु अपनाएर विकासका कामहरु थाल्यौ भने नेपालको विकास समावेशी हुनसक्छ । शब्द समावेशी, समानता भनेर बोलेर हुदैन । व्यवहारमा उतार्न सक्ने हुनुपर्छ ।यस्ता तरिकाहरु अपनाउदा उत्तम हुन्छ ।

# सक्रिय राजनीतिमा नआउँदै राम्रो पूर्वराजा



केशव अधिकारी

दशबर्से लामो युद्ध लडेर हजारौँको बलिदान गरी आएको गणतन्त्रले जनचाहनानुसारका काम करिब कुनै पनि गर्न नसकेको यस कालखण्डमा अबको विकल्प भनेको राजतन्त्र हुन सक्छ भन्ने अन्दाज हुन थालेको छ । यसै सेरोफेरोमा राजावादीहरू निकै सल्बलाउन र पूर्वराजालाई समेत निकै उकास्न थालेका छन् । उनीहरुको यो उकासाइले पूर्वराजाको मनमा पनि केही साहस अवश्य पलाएको हुनुपर्छ । त्यतिमात्र होइन पुनः राजतन्त्र नै स्थापना गर्न सकिन्छ कि भनेरसमेत पूर्वराजा आशावादी बनेका उनका विभिन्न हाउभाउ र क्रियाकलापबाट अनुमान लगाउन सकिन्छ ।

पूर्वराजाले भन्दै आएका छन्– नेपालको राजगद्दी हाम्रो अर्थात् शाहवंशीय राजाको विरासत भएकोले पुनः फिर्ता पाउनुपर्छ । तर गणतन्त्रवादीहरु भने उक्त कुरा पत्याउन तयार छैनन् । एकपटक हटिसकेको राजतन्त्र अब फर्केर पुनः आउने भनेको मरेर जलाएको लास अब फेरि फर्केर आउनुजस्तै हो वा पुनः राजतन्त्र फर्किनु भनेको असम्भव काम हो भन्ने उनीहरुको टिप्पणी रहेको छ । यसरी दुवै पक्षबाट हेर्दा पूर्वराजाले आफ्नो विरासत फर्काउन खोज्नु पनि स्वाभाविक विषय हो अनि गणतन्त्रवादीहरुले त्यसलाई रोक्न खोजेर गणतान्त्रिक शासन व्यवस्थालाई सुदृढ र जनपक्षीय शासन सञ्चालन गर्न खोज्नु उनीहरुको कर्तव्य हुने थियो ।

गणतन्त्रवादीहरुले यस व्यवस्थालाई संस्थागत गरेर देशको उन्नतिको बाटोतिर लैजान सकेका र जनअपेक्षित काम गर्न सकेका भए आज राजतन्त्रले टाउको उठाउने कुनै मौका पाउने थिएन । यदि गणतन्त्रवादीहरुले अबका दिनमा पनि आफ्ना कमी-कमजोरी सच्याएर देशको उन्नतिका खातिर मन, वचन र कर्मले लाग्दैनन् भने आज गणतन्त्रको कित्तामा रहेका नागरिकहरुले पनि बाध्य भएर राजतन्त्रको कित्तातिर सामेल हुन बाध्य बन्नुपर्नेछ । त्यसैले अबको राजनीतिक कर्ममा गणतन्त्रवादीहरु सुध्रेर अगाडि बढ्न नसकेका खण्डमा अबको विकल्प भनेको राजतन्त्र नै भन्ने कुरा बाध्य भएर आम जनताले भन्नुपर्ने हुन्छ ।

पूर्वराजाले अहिलेको समयमा सक्रिय राजनीतिमा आउनुको साटो नआउनु नै सही मूल्याङ्कन हुनेछ । यसका कारणहरुमा पूर्वराजाले सक्रिय राजनीतिमा आउन खोज्दा पनि उनीसँग देशको आमूल परिवर्तनको प्रभावकारी योजनाको कुनै विषय छैन । अबको शासन व्यवस्थामा पहिलेको तरिकाले सञ्चालन गर्न गाह्रो मात्र होइन कि असम्भव नै हुनेछ । पूर्वराजालाई दह्रोसँग साथ दिने मान्छे पनि हुनेछैनन् ।

पैसाले किनेर राखेको मान्छेले सही सल्लाह दिन सकेको हुँदैन । पहिलो कुरो हावाको भरमा राजगद्दी आरोहण गरेर मात्रै केही हुँदैन । अबका नेपाली जनता र आजभन्दा दुई दशकअगाडिका नेपाली जनताबीचका विविध कुरामा व्यापक मात्रमा परिवर्तन आइसकेको छ । अब पहिलेको जसरी मैले बुझेँ भनेर जनताका माझ लोकप्रिय बन्न सकिनेवाला छैन । अबको नेपालको शासन हाँक्ने भनेको एउटा दृष्टिकोण भएको र निर्लोभी मानसिकताको शासक चाहिएको छ । आम नेपाली जनताको उन्नतिका खातिर मरिमेटेर निःस्वार्थ भावले लागिपर्ने शासक मात्र अबका दिनको सफल शासक बन्नेछ ।

पूर्वराजामा ती गुणहरु छन् वा छैनन् भन्ने कुराले फरक नपार्ला, तथापि गुण र दृष्टिकोण भएरै पनि तदनुसारको वातावरण बनाउन सकिएन भने चाहेअनुसारका उपलब्धि हासिल हुन असम्भव हुन्छ । पूर्वराजालाई साँचो हृदयले सघाउने आफन्तजनको पनि अभाव नै रहेको छ । मुखले ठिक्क पारेर कामले दिक्क लाउने कार्यकर्ताहरुको विश्वास गरिहाल्न पनि सक्ने अवस्था रहँदैन । गणतन्त्रवादीहरुले मनैले चाहेर, देशको माया गर्दै एउटा सही बाटोमा हिँड्न सकेका भए उनीहरु अवश्य सफल बन्ने थिए । उनीहरु सफल बन्नु भनेको नेपाल देशको जनअपेक्षित उन्नति, प्रगति हुनु हो । तर विडम्बना, उनीहरु आफूले बल्ल भेटेको सिकार कहाँ छोड्न हुन्छ र ? भन्ने विचारमा लागेका हुनाले गणतन्त्रको यति लामो शासन व्यवस्थामा पनि जनअपेक्षित काम हुन नसकेका कारण आम जनताको हृदयमा त्यसको गहिरो छाप परेको छ ।

नेपाली जनताले झन्डै दुई दशकको समय गाणतान्त्रिक शासन व्यवस्था अनि त्यसले पारेका खराब असर र सही प्रभावका बारेमा तुलना एवं मूल्याङ्कन गरिरहेका छन् । राजतन्त्र स्थापना भयो नै भने गणतान्त्रिक व्यवस्थाका ती मूल्य र मान्यता कायम रहलान् कि नरहलान् ? भन्ने कुराले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यदि राजतन्त्र पुनः स्थापित भएको खण्डमा ती राम्रा वा सकारात्मक पक्षहरु प्नि ओझेलमा पर्लान् कि भन्ने भय सधैँ रहेको हुन्छ । नेपालको किसान वर्ग होस् कि मजदुर वर्ग जोसुकै होस्, गरी खाने वर्गका नागरिकका जीवनमा राजतन्त्र पुनः फिर्ता भए पनि, गणतन्त्र यथावत् रहे पनि खासै तात्विक असर नपार्ला । तथापि आम नेपाली जनताका दुई दशकअगाडिदेखि साँचिएका सपना पूरा गर्ने हिम्मत र प्रभावकारी कुनै योजना भए मात्र पूर्वराजाले सक्रिय राजनीतिमा आए हुन्छ, होइन भने सक्रिय राजनीतितिरको बाटोबाट हिँडेर गन्तव्यमा पुग्न धेरै कठिन मात्र होइन कि असम्भव नै हुनेछ ।

विगतमा आम नेपाली जनताबाट त्यति धेरै मायाममताका साथ जोगाइएका र सम्मानितसमेत भएका हाम्रा नेताहरुलाई आजका जनताले ठाउँ-ठाउँबाट लखेटिरहेका छन् । आम जनताको यो लखेटाइबाट पनि आजित नभएका नेतागण अझै पनि पापकर्मकै योजनामा लागेका छन् । अन्त्यमा यिनीहरुको अवसान आम जनताले गराउनुपर्ने दिन आउँछ कि भनेर अपेक्षा गरिएको छ । यिनीहरु अहिले आम जनताबाट यति धेरै तिरस्कृत हुन पुगेका छन् कि बयान गरेर साध्य छैन । यदि अहिलेको अवस्थामा कुनै काकताली परेर पूर्वराजा सत्तामा आउने वा अरु कसैलाई राजा बनाएर आफूले उत्तराधिकारी बनी शासन चलाउने प्रयास गरेर अहिलेका नेताजस्तै सर्वत्र असफल भएर आम जनताबाट तिरस्कृत हुनुपरेका खण्डमा आजको भन्दा चौगुना बढी मान्छेबाट तिरस्कृत हुनुको विकल्प रहने छैन ।

पूर्वराजा राजनीतिमा सक्रिय भएरै आए पनि र आम चुनावको मैदानमा भिड्न खोजेर हारेको खण्डमा पूर्वराजाको अहिलेको तुलनामा तीन गुना बढी तिरस्कृत हुनुपर्ने दिन आउनेछ । राज्यसत्तामा आएपछि आफ्ना कार्यकर्तालाई जसरी भए पनि खुशी बनाउनुपर्ने बाध्यता पूर्वराजाको मात्र होइन अहिलेको नेताको पनि बाध्यताकै विषय बनेको थियो । आफ्ना कार्यकर्ता सन्तुष्ट पार्नको लागि आफ्नो व्यक्तिगत ढुकुटीबाट भन्दा देशको ढुकुटीबाट सम्पत्ति बाँडेर क्रमशः देश खोक्रो बनाउँदै लैजाने रणनीति अपनाउन बाध्य हुनुपर्नेछ । यसो गर्दा पुनः देशको विकासमा गम्भीर असर पर्ने हुनाले पुनः देशको आर्थिक अवस्था खस्कँदै जाने क्रम अगाडि बढिरहेको हुन्छ ।

त्यति मात्र होइन कि आर्थिक अवस्था कमजोर भएसँगै समग्र देश नै टाट पल्टने अवस्थामा पुग्न थाल्दछ । पूर्वराजाका वा भनौं नेताका कार्यकर्ता जोसुकै पनि केही थोरैलाई छोडेर सबैजसो आवसरवादी बन्न पुग्दछन् । यस्ता अवसरवादी कार्यकर्ताका भरमा चलेको शासन पनि सफल बन्दैन । शासक नै सफल बन्दैन भने उसले कसरी सफल र सुशासन दिन सक्ला त ? भन्ने कुरा पनि यस विषयको परिधिक्षेत्र हो ।

यसरी पूर्वराजा असफल भएको दिन के हुने हो भन्ने कुरो कसैले अन्दाज गर्न सकिने कुरो होइन । यदि यी विषयवस्तुको सम्बोधन नगरेरै सत्तामा जान खोज्ने र असफल बन्दै जाने लक्षण देखिएको खण्डमा जनआक्रोशको सिकार बनेर, डराउँदै बस्नुपर्ने दिन अवश्य आउनेछ । संसारमा हेर्ने हो भने पहिले करोड जनको आस्थाको केन्द्रसमेत रहेको राजसंस्था पछि गएर आफ्नो कर्तव्यमा चुक्न जानाले गर्दा ठूलो मूल्य चुकाउनुपर्ने अवस्थाबाट गुज्रन थाल्दछ ।

यो अवस्थामा आम जनताले राजालाई कुनै हालतमा पनि छोड्ने छैनन् । त्यसकारण त्यो खराब दिनको विचार गर्दै कि त आम जनतालाई अहिलेको राजनीतिक, आर्थिक परिवेशबाट नितान्त भिन्न र उन्नशील बाटोमा हिँडाउन सक्छु भन्ने मानसिक क्षमता र तरिका रहेको छ भने मात्रै, नत्र सत्ताको लोभ गरेर आफ्नै नाम कमाइको होस् कि धन कमाइको अभिप्सा पूरा गर्नको लागि सक्रिय राजनीतिमा आउनु हाललाई वाञ्छनीय हुने देखिँदैन । आज पाउमा निहुँरन आउनेहरु पनि उनीहरुले सोचेअनुसारको भाग पाएनन् भने स्वच्छ मनले सघाउने कुरामा दोधारमा परेर रहन्छन् ।

पूर्वराजा यदि आउने र पुनः सक्रिय राजतन्त्रका शासक बन्ने हो भने सबै राजनीतिक दल र त्यसमा पनि तीन ठूला राजनीतिक दलको पूर्ण समर्थन र सहयोग अनिवार्य चाहिनेछ । उनीहरुसँग शत्रुता मोलेर सत्तामा आएको खण्डमा निकै ठूलो विद्रोह हुन सक्ने पनि सम्भावना अन्दाज गर्न सकिन्छ । यतिका वर्ष विभिन्न राजनीतिक दलका नेता र कार्यकर्ताले धेरै खाएर पनि पचाउन सके भने अब देशको ढुकुटीमा हालीमुहाली गर्ने मेरो पालो भन्ने भावनाले सक्रिय राजनीतिमा आउन चाहेका खण्डमा त्योभन्दा ठूलो भूल केही हुनेछैन ।

अबको राजनीतिमा पूर्वराजाको आगमन अनि सुशासन पनि भनेर भन्ने वाक्यांशले भनेजस्तै भैदिए त सत्तामा आए पनि खासै केही हुने थिएन । अबको राजनीतिमा वर्तमानमा सत्ताको कुर्सीमा बस्नेहरुले नै आफूलाई सुधारेर, ऐनामा राम्ररी अनुहार हेरेर मात्र आउनुपर्ने हुन्छ र सुधारको बाटोमा हिँड्न र हिँडाउनसमेत सक्षम हुनुपर्ने हुन्छ ।

यदि त्यसो गर्न सकेनन् भने पनि राजतन्त्र इतरको अर्को राजनीतिक दलको जन्म भएर पुनः राजनीतिलाई सही मार्गमा दौडाउन सकेर मात्र विश्राम लिनुपर्ने हुन्छ । अबका दिनमा एक नेताले अर्को नेताको गाँड कोराकोरको राजनीतिलाई तिलञ्जलि दिएर सद्भाव, सहयोग, सहकार्यको राजनीति अगाडि बढाउन सक्नुपर्ने हुन्छ । नत्र नेपाल नामको देश असफल देशको सूचीमा सूचीकृत भएर जान केही बेर लाग्नेछैन ।

सबैलाई चेतना यो होस् कि देशको अस्तित्व सङ्कटमा पारेर कोही पनि सुरक्षित रहन सक्ने सम्भावना निकै कम हुन्छ । हाम्रा नेतागणलाई पनि त्यस्तो दिनले छुन नपाओस् । आज हामी जनताले जति तिरस्कार गरे पनि दशबर्से युद्धकालमा हामी आम नेपालीले माया गरेर उनीहरुलाई सम्भावित विभिन्न दुर्घटनाहरुबाट जोगाएका थियौं । त्यस गुनको बदला नेताले तिरेरै छोड्नुपर्ने बाध्यता हुनेछ । तर राजतन्त्र सक्रिय वा निष्क्रिय जस्तो भए पनि अबका दिनमा स्थापित हुनु वाञ्छनीय हुने छैन ।

# गायकीमा अद्भुत क्षमता भएका दिपेन्द्र बिसिको गीत सङ्गीत सम्बन्धी अनुभव




***जन आकाश मिडिया प्रा.लीले निर्माण गरेको प्रतिभाका लागि सम्मान नव प्रतिभाका लागि स्थान गाउँदेखि सहर सम्म कला भएका तर स्थान नपाएका व्यक्तिको प्रतिभालाई प्रस्फुटन गर्ने उदेश्यले निर्माण गरिएको सङ्गीत खबर कार्यक्रम निकै लोकप्रिय बन्दै गएको छ ।***

पछिल्लो समय हेर्ने हो भने स्थान नपाएका व्यतिको लागि स्थान दिने सबैको साझ थलो सङ्गीत खबर कार्यक्रम बन्दै गएको छ ।

यो कार्यक्रमले हरेक हप्ताको बुधबार गीत सङ्गीत क्षेत्र र कलाकारिता क्षेत्रमा लाग्न चाहेका तर प्रस्फुटन हुन नसकेका अधभुत क्षमता भएका कलाकारहरुलाई दर्शक माझ प्रस्फुटन गराउदै आएको छ ।

त्यति मात्र नभएर ती लुकेका प्रतिभाका कलालाई भिडियो नपुग्ने दुर्गम ठाउँमा पत्रिका पुग्दै आएको जन आकाश राष्ट्रिय साप्ताहिक पत्रिकामा समेत स्थान नपाएका नव प्रतिभाको प्रतिभा र अनुभवी कलाकारको अनुभवलाई संप्रेसन गर्दै सबैको हात हातमा जन आकाश पत्रिका पुऱ्याउने कोसिस गर्दै आएको छ ।

त्यसैगरी गीत सङ्गीत र कलाकारिता क्षेत्रमा लागेका अनुभवी पुराना कलाकारहरुसँग भलाकुसारी गरी उहाँहरूको अनुभवलाई आउने नव प्रतिभा सम्मा पुऱ्याउने कोसिस समेत गदै आएका छौँ । ताकि पुराना कलाकारको अनुभवले आउने नव प्रतिभालाई अगाडि बढ्न सल्लाह, सुझाव र हौसला मिलोस् भनेर अहिले यो कार्यक्रमको अन्तर्वार्तामा गीत सङ्गीत क्षेत्र र कलाकारिता क्षेत्रमा लागेका पुराना कलाकार समेत जोडिन् चाहन्छन् । तिनै कलकार हरुको भावनालाई कदर गरेर संङगीत खवर स्तम्बको स्थापना गरिएको हो । यो तिन महिनाको अवधिमा कलकार हरुले आफूले भोगेका अनुभव आउने नव प्रतिभालाई बाडन पाउँदा हामी अत्यन्तै खुसी छौं भनि सङ्गीत खबर कार्यक्रम्मा बताउँने गरेका छन् ।

यस्तै सङ्गीत खबर कार्यक्रममा जोडिएका सुमधुर स्वरको धनि लोकदोहोरी गायक दिपेन्द्र बिसिको गीत सङ्गीत क्षेत्रको जीवन कथालाई हामीले यसरी प्रस्तुत गरेका छौँ ।

लामो समयदेखि दोहोरीमा गीत गाउँदै आएका दिपेन्द्र बिसि विगतका केही वर्षदेखि बिभिन्न्न टेलि-सिरियल र सट भिडियोमा समेत देखिदै आएकाछन । सानैदेखि गीत सङ्गीत क्षेत्रमा रुचि राखेका बिसि केही वर्ष दुबैमा बसी नेपाल आएर निरन्तर रूपमा गीत सङ्गीत क्षेत्र र दोहोरीमा लागेको बताउँछन ।

थुप्रै गीत बजारमा निकाल्न नसकेपनि दोहोरी गीतका टुक्कामा थुप्रै अनुभव लिएका दिपेन्द्र बिसि पछिल्लो समय माईला, घण्टे, बाह्रमासे सिरियलमा समेत देखिन थालेकाछन् । “कलाकारिता क्षेत्र र गीत सङ्गीत क्षेत्रमा लाग्दा जीवन चलाउन गारो नभएको तर अरू देशको जस्तो नेपालमा गीत सङ्गीत क्षेत्रमा खासै सेवा सुविधा नभएको गीत सङ्गीत क्षेत्रमा सरकारले चासो राख्नु पर्ने बताउँछन ।”

आफूले “जीवनमा धेरै सङ्घर्ष गरेको दिनभरि नाली खनेर हातभरी ठेला बनाएर दोहोरीमा गीत गाउन जाँदा हातका ठेला देखेर गीत गाएर माइक दिदा केटीहरू माइक समाउन समेत अफठ्यारो मानेर लिने गर्थे । मेरो त्यो हुलिया देखेर परपर सर्ने नजिक पर्न नखोज्ने कष्टकर जीवन पार गरेको बिसिको मार्मिक कथा जन आकाशमा पोखेका छन् ।

यो गीत सङ्गीत क्षेत्र भनेको पीडादायी क्षेत्र पनि हो । रमाईलो क्षेत्र पनि हो । खुल्ला क्षेत्र पनि हो । यो क्षेत्रमा सङ्घर्ष गर्दा धेरै कमाइ नहुने अरुको साथ सपोट बिना अगाडि बढ्न नसक्ने कहिले दर्शकको मनमा बस्त सकिन्छ थाहाँ नहुने एक हिसाबले यो दुखको क्षेत्र पनि हो ।

यो क्षेत्रमा दुख मात्र होइन सुख अनि खुसी पनि धेरै मिल्छ । दर्शक माझ लोकप्रिय भएपछि नाम दाम दुवै हुने धेरै पीडा भएको बेला मन बुझाउन सकिने मनोरञ्जन अनि आनन्दको क्षेत्र पनि हो । अनि यो क्षेत्र खुल्ला क्षेत्र पनि हो । नेपालका विभिन्न ठाउँ देश तथा विदेशमा जान सकिन्छ । धेरै मान्छे चिन्न सकिन्छ । मानिसहरूसँग घुलमिल हुने वानीको विकास हुन्छ । यो क्षेत्र धेरै रमाइलोको क्षेत्र पनि हो । यो क्षेत्रमा एक चोटि चम्केपछि सधैँ अघि हो कहिले पछाडि फर्केर हेर्नु पदैन ।”

पछिल्लो समय के गर्दै हुनुहुन्छ भनेर सोधियको प्रश्नमा बिसिले “छिट्टै नयाँ प्रोजेक्ट गीतको तयारीमा छौँ जाडै नयाँ सिर्जना ल्याउने तयारी हुँदै छ ।

तर सोचे जस्तो भएको छैन । लामो समय दोहोरीमा अनुभव भएको कारण भोली गएर दोहोरी व्यवासायि बन्न सकिन्छ । ” भन्दै जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रममा गायक तथा कलाकार दिपेन्द्र बिसि बताउँछन ।

# जाजरकोट भूकम्पबाट ९ करोड बराबरको खाद्यान्न क्षति



**जाजरकोट-** जाजरकोट भूकम्पबाट नौ करोड रूपैयाँभन्दा बढी मूल्यको खाद्यान्न नष्ट भएको छ । ३४ हजार ५०१ घरमा भण्डारण गरिएको ९ करोड २६ लाख ५८ हजार ९०० रूपैयाँ बराबरको खाद्यान्न पुरिएर नष्ट भएको कृषि विकास कार्यालय जाजरकोटले जनाएको छ ।


गत कात्तिक १७ गते रामीडाँडालाई केन्द्रविन्दु बनाएर गएको भूकम्पबाट ९ हजार ७९४ घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् । ६.४ म्याग्निच्युडको भूकम्पले भत्किएका ३४ हजार ५०१ घरमा भण्डारण गरिएको धान, मकै, गहुँ र कोदोजस्ता अन्न तथा खाद्यान्न पुरिएर नष्ट भएको कार्यालयले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी टोपेन्द्र विश्वकर्माले दिएको जानकारीअनुसार २८ लाख २८ हजार ७२५ किलो धान सहित मकै, गहुँ, कोदोलगायत अन्न पुरिएर नष्ट भएको छ । जाजरकोट भूकम्पले जिल्लाभर पाँच करोड ४१ लाख ४२ हजार १७२ रूपैयाँ बराबरका पशुपन्छीको क्षति भएको कार्यालयले जनाएको छ।

जाजरकोटमा मात्र भूकम्पबाट ९० हजार पाँच सय ६७ मानिस प्रत्यक्षरुपमा प्रभावित भएका छन् । खाद्यान्न भण्डारण गर्न आग्रह कृषि क्षेत्रमा जोडिएका अधिकांश मानिस अन्यत्र काममा पनि सम्लग्न हुनुपर्ने भएकाले भूकम्प प्रभावित क्षेत्रमा खाद्यान्न समस्या हुने हो कि भन्ने चिन्ता थपिएपछि जिल्ला प्रशासन कार्यालयले खाद्यान्न जोहो गरेर भण्डारण गर्न आग्रह समेत गरेको छ ।

खेतबारीमा लगाएको अन्नबाली भएको ठाउँमा अस्थायी टहरादेखि त्रिपाल टाँग्ने काम भएकाले खाद्यान्न उत्पादनमा कमी आउने जनाइएको छ । जिल्लाको बारेकोट गाउँपालिका बर्सेनि खाद्यान्न अभाव हुने क्षेत्र हो । त्यसैले जिल्ला प्रशासन कार्यालयले खाद्यान्न जोहो गरेर भण्डारण गर्न आग्रह समेत गरेको छ ।

# अर्घाखाँचीमा ट्रक दुर्घटना हुँदा चालकसहित २ जनाको मृत्यु



**बुटवल-** अर्घाखाँचीमा ट्रक दुर्घटना हुँदा चालकसहित दुईजनाको मृत्यु भएको छ ।

दुर्घटनामा परी ट्रक चालक नवलपरासी पश्चिम रामग्राम नगरपालिका-१८ बस्ने ३१ वर्षीय सञ्जयकुमार चौधरी र सहचालक भोला कुर्मीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विक्रम रिजालले जानकारी दिए ।

उनका अनुसार गिटी बोकेको ना ६ ख २७३९ नम्बरको ट्रक शीतगङ्गा नगरपालिका- ८ सातमाराको राप्ति पुल नजिकै अनियन्त्रित भई दुर्घटना भएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरुको जेनस अस्पताल बुटवलमा उपचारका क्रममा मृत्यु भएको प्रहरी निरीक्षक भएको प्रहरी निरीक्षक रिजालले जानकारी दिए ।

# रामेछाप डायरी

## रामेछाप नगरपालिकामा लैङ्गिक हिंसा विरूद्धको जनचेतनामूलक नाटक प्रदर्शन



रामेछापको रामेछाप नगरपालिकाले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत जनचेतनामूलक नाटक प्रस्तुत गरिएको छ । गत मङ्सिर ९ गते देखी सुरु भएको अभियान अन्तर्गत आज नगरपालिकाको कार्यालय अगाडी सडक नाटक प्रदर्शन गरिएको हो ।

आर.बि.पी.डब्लु रामेछाप र समाजसेवा जागृती महिला समुहसँगको सहकार्यमा नगरपालिकाले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाइरहेको छ । यि दुई संस्थाका कलाकारहरुले लैङ्गिक हिंसा,महिला हिंसा,घरेलु हिंसा र पछिल्लो समय बढीरहेको प्रविधिसँग सम्बन्धित हिंसाहरुको बारेमा जनचेनामूलक नाटक प्रस्तुत गरेका थिए ।

जिल्ला समन्वय समिति रामेछापका प्रमुख चिना खडका कार्कीको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा बोल्दै उहाँले पछिल्लो समय महिला मात्रै नभएर पुरुषहरु पनि हिंसामा परिरहेको बताउनुभयो । महिला पुरुष जो जसले हिंसा सहेर बसिरहेका छन उनिहरुलाई हिंसा सहरे नबस्न उहाँले आग्रह गर्नुभयो ।

उक्त कार्यक्रममा बोल्दै रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले लैंगिक हिंसा अन्त्य गर्न सबै आआफ्नो ठाँउबाट एकजुट भएर लाग्नुपर्ने बताउनुभयो । उहाँले १६ दिने अभियानभर मात्रै नभई बर्ष भरी नै सबै नागरिक सचेत भएर लाग्न सके मात्रै हिंसा अन्त्य हुने बताउनुभयो ।

रामेछाप नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत होम बहादुर थापाले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउनुको उद्धेश्य,नगरपालिकाले महिलाहरुको क्षेत्रमा गरिरहेको कामहरुको बारेमा जानकारी गराउनुभएको थियो ।

## रामेछाप नगरपालिकाले कृषि एम्बुलेन्स सञ्चालन गर्दै,सरोकारवालाहरूसँग सुझाव संकलन




रामेछाप जिल्लाको रामेछाप नगरपालिकाले कृषि एम्बुलेन्स सञ्चालन गर्ने भएको छ । सरोकारवालाहरुसँग सुझाव संकलन गर्दै नगरपालिकाले कृषि एम्बुलेन्स संचालन गर्न लागेको हो । शुक्रबार(आज) नगरपालिकाको सभाहलमा नगरपालिकाका अगुवा कृषक तथा सरोकारवालाहरुसँग कृषि एम्बुलेन्स संचालन सम्बन्धि सुझाव संकलन गरिएको हो ।

कृषक तथा सरोकारवालाहरुले कृषि एम्बुलेन्स संचालन गर्दा नगरपालिकाले समेटनुपर्ने विभिन्न विषयवस्तुमा रहेर सुझाव दिएका थिए । उनिहरुले कृषि उपज उत्पादन, बजारीकरण, ढुवानी, कृषि अनुदान,कृषि सामाग्री वितरण लगाएतसँग सम्बन्धित जिज्ञासा तथा गुनासोहरु पनि राखेका थिए ।

रामेछाप नगरपालिकाका प्रबक्ता एवं वडा नं ७ का वडाअध्यक्ष समिर कार्कीले सरोकारवालाहरुबाट आएको सुझाव अनुसार नै कृषि एम्बुलेन्स संचालन हुने बताउनुभयो । त्यसका लागी विभिन्न समिति तथा उपसमितिहरु गठन भैसकेको उहाँको भनाई छ । रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले किसान लक्षित कृषि एम्बुलेन्स खरिद भैसकेको बताउनुभयो । अब चाँडै कृषि उत्पादन किसानका घर-घरबाट बजारसम्म पुर्याइने उहाँको भनाई छ ।


नगरपालिकाको वडा नं १ देखी ९ सम्मका किसानले उत्पादन गरेका कृषिजन्य उत्पादनको सहज ढुवानीका लागि कृषि एम्बुलेन्स खरिद गरिएको हो । रामेछाप नगरपालिकाका कृषि शाखा प्रमुख कृष्ण भुजेलका अनुसार नगरपालिकाका किसानले जुनार,काँक्रो, गोलभेँडा, फर्सी, बन्दा, काउली,खुर्सानी, अदुवा, साग,आलु, करेला, घिरौंला, मुला, स्कुस, लौका, धनियाँ,गेडागुडी लगायतका तरकारी उत्पादन गर्ने गरेका छन ।

गाउँमा उत्पादन भएका फलफूल र तरकारी रामेछाप बजारको बिहिबारे हाट र मन्थली बजारमा लगेर बेच्ने गरिएको छ । कृषि एम्बुलेन्स सञ्चालन भएपछि किसानको घर-घरबाट यि चिजवस्तुहरु बजारसम्म पुर्याइने छ ।

यहाँका किसानले निकै कष्टका साथ कृषिजन्य उत्पादन बजार पुऱ्याउनुपर्ने बाध्यता छ । कृषि एम्बुलेन्सको प्रयोगबाट किसानले उत्पादन गरेका तरकारी तथा फलफूलले उचित बजार नपाउँदा बारीमै फाल्नुपर्ने अवस्थाको अन्त्य हुने नगरपालिकाले विश्वास लिएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १८, २०८० साल मंसिर २६ गते मंगलबार (Dec 12, 2023)

# नेपाल टेलिकमको नयाँ अफर सार्वजनिक




**काठमाडौं–** एनटी फाइबर प्रविधि अन्तर्गत हाल टेलिफोन सेवा मात्र प्रयोग गरिरहेका सेवा ग्राहीले अब परीक्षणको रुपमा एक महिनासम्म डाटा सुविधा नि:शुल्क प्रयोग गर्न सक्नेछन् ।

नेपाल टेलिकमले भोलि (२०८० मंसिर २५) देखि लागु हुनेगरी एनटी फाइबर प्रविधि अन्तर्गत टेलिफोन सेवा मात्र प्रयोग गरेका सेवा ग्राहीलाई प्रोमोसन अफर (एचफयतष्यलर्बा झाभच) का रुपमा एक महिना सम्म नि:शुल्क ५० एमबीपीएस स्पिडको डाटा सेवा उपलब्ध गराउने भएको छ ।

यो सेवा प्रयोग गर्नका लागि १९८-१ (१९८ मा डायल गरी प्राप्त सन्देश पश्चात फेरि १ डायल गरी) मा अनुरोध गर्न सकिन्छ । त्यसैगरी नजिकको दूरसञ्चार कार्यालय मार्फत पनि यो सुविधा लिन सकिन्छ । एक जना ग्राहकका लागि यो सुविधा एक पटक मात्र उपलब्ध हुनेछ ।

एकमहिना भन्दा बढी समय सम्म यो सेवा निरन्तर प्रयोग गर्ने इच्छा भएमा सेवा ग्राहीले १९८-१ मा कल गरी वा नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गरी शुल्क रुपमा यो सेवा प्रयोग गर्न सकिने छ ।

# सिटी एक्सप्रेस मनी ट्रान्सफर लाई राष्ट्रिय अपाङ्ग कोषद्वारा सम्मान प्रदान



**काठमाडौं–** मङ्सिर १७ गते अपाङ्गता भएका व्यक्तिहरुको ३२ औं अन्तराष्ट्रिय दिवसको अवसरमा सिटी एक्सप्रेस मनी ट्रान्सफरलाई राष्ट्रिय अपाङ्ग कोषद्वारा सम्मान गरेको छ । उक्त सम्मान, कार्यक्रमका प्रमुख अतिथि, शहरी बिकास मन्त्री सिता गुरुङद्वारा हस्तान्तरण गरिएको थियो ।

गत बैशाखमा सिटी एक्सप्रेस मनी ट्रान्सफरद्धारा सामाजिक उत्तरदायित्व अन्तर्गत राष्ट्रिय अपाङ्ग कोषलाई रु ५ लाख रकम सहयोग गरेको थियो । सिटी एक्सप्रेस मनी ट्रान्सफरले राष्ट्रिय अपाङ्ग कोषसँग सहकार्य गरि बैदेशिक रोजगारीका क्रममा अपाङ्गता भएकाहरुलाई सेवा पुऱ्याउने उदेश्यले राष्ट्रिय अपाङ्ग कोषलाई उक्त रकम सहयोग गरेको थियो ।

राष्ट्रिय अपाङ्ग कोषले वार्षिक १५०० अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहयोग सामाग्री तथा अन्य आवश्यक सहायक सामग्री उत्पादन एवं वितरण गर्नुका साथै गुणस्तरिय फिजियोथेरापी, अकुपेशनल र परामर्श सेवा उपलब्ध गराउदै आएको छ । सिटी एक्सप्रेस मनी ट्रान्सफरले समाजमा सकरात्मक परिवर्तन ल्याउने हेतुले सामाजिक उत्तरदायित्व अन्तर्गत थुप्रै संघ संस्थाहरुलाई सहयोग प्रदान गर्दै आइरहेको छ ।

सिटी एक्सप्रेस मनी ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १७ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । हालै सिटी एक्सप्रेस मनी ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ ।

# नेशनल लाईफको कोशीटप्पु भ्रमण सम्पन्न

**काठमाडौं–** नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि.ले आफ्ना अभिकर्ताहरुलाई कोशीटप्पु भ्रमण गराएको छ ।

कम्पनीको मासिक योजना अन्तर्गत लक्ष्य पुरा गर्ने अभिकर्ताहरुले कोशी टप्पुको भ्रमण, सप्तकोशीमा बोटिङ लगाएतका विभिन्न मनोरञ्जनात्मक कार्यक्रममा उत्साहजनक सहभागिता जनाएका थिए । कम्पनीका प्रमुख कार्यकारी अधिकृत सहित प्रदेश प्रमुख, विभागिय प्रमुख तथा विभिन्न शाखाका शाखा प्रमुखहरु सहित देशै भरीबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनौट हुन सफल हुनुभएका करिब ६००जना भन्दा बढि बरिष्ठ अभिकर्ताहरुले कार्यक्रममा सहभागिता जनाएका थिए ।

सो अवसरमा प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीको सभापतित्वमा सम्मान कार्यक्रमको आयोजना गरी उत्कृष्ट व्यवसाय गर्ने अभिकर्ताहरुलाई सम्मान गरिएको थियो । प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले अभिकर्ताहरुको अथक परिश्रम र मेहनतका कारण नै कम्पनी सँधै अब्बल रहने भएकाले अभिकर्ता सञ्जाललाई अझ व्यवसायिक बनाउन यथाशक्य थप लगानी गर्ने र कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्वपूर्ण भुमिका खेल्ने अभिकर्ता समूहको वृत्ति विकासलाई सँधै प्राथमिकतामा राख्ने उदेश्यले यस्ता कार्यक्रमहरुको आयोजना गरिएको जानकारी गराउनु हुँदै योजनामा छनौट भई सम्मानित हुन सफल अभिकर्ताहरुलाई गिफ्ट भौचर र अवार्ड प्रदान गरेका थिए ।

# हिमालय एअरलाइन्सद्वारा काठमाडौं चोङकिङ काठमाडौं उडान सेवा सुचारु




**काठमाडौं–** नेपाल-चीन संयुक्त लगानी भएको हिमालय एअरलाइन्स् डिसेम्बर १२,२०२३ मा लामो समयदेखि प्रतीक्षारत काठमाडौं-चोङकिङ-काठमाडौं उडान सेवा पुनः सुचारु गरेको छ ।

यो सेवा बिस्तारलाई एअरलाइन्स्ले नेपाल र चीनबीचको कनेक्टिभिटी बढाउने र द्विपक्षीय सम्बन्धलाई प्रवर्द्धन गर्ने प्रतिबद्धताका रुपमा लिएको छ । यस काठमाडौं- चोङकिङ- काठमाडौं रुटले यात्रुहरूलाई नेपालको राजधानी र चीनको व्यस्त सहरको बीचमा सहज यात्राको विकल्प प्रदान गर्नेछ ।

दुई सहरकाबीच हुने प्रत्यक्ष सम्पर्कले सहज, सुरक्षित एवम् प्रभावकारी यात्रा प्रदान गर्ने हिमालय एअरलाइन्स्को प्रतिबद्धतालाई समेत प्रतिविम्बित गरेको छ । समृद्ध सांस्कृतिक सम्पदा, आधुनिक सहरी परिदृश्य र आर्थिक गतिशीलताका लागि प्रसिद्ध चोङकिङले ऐतिहासिक,विशिष्ट विविधपाक-कला एवम् उच्च प्रविधि विकास युक्त ठाउँको अनुपम सम्मिश्रण समेत प्रदान गर्दै नेपाली यात्रुहरू माझ आकर्षक गन्तव्यको आफूलाई प्रस्तुत गरेको छ ।

पहिलो आउटबाउन्ड उडान, ज्ढठडठ,त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समय अनुसार बिहान १०:०७ मा प्रस्थान गरेको थियो र चोङ्किङ्को जियाङ्गबेइ अन्तर्राष्ट्रिय विमानस्थलमा स्थानीय समय अनुसार साँझको १५:५०बजे अवतरण गर्ने छ ।

यस उडानको अवधि ३ घण्टा १४ मिनेटको रहने छ । पहिलो उडानमा कूल यात्रु संख्या एक सय पच्चिसरहेको थियो । चोङकिङबाट त्यहाँको स्थानीय समय अनुसार अपराह्नको ४:२५ बजे काठमाडौंका लागि फिर्ती उडान छुट्ने छ र काठमाडौंमा साँझको६:३५ माअवतरण हुने छ ।

डिसेम्बर १२ पश्चात एअरलाइन्स्ले हरेक मंगलबार र शनिबार गरी हप्तामा दुई पटक यी दुई सहरहरूका बीचमा उडान सेवा सञ्चालन गर्ने छ । यस उडान सेवासँगै नेपाल र चीनबीच हिमालय एअरलाइन्स्को यो चौथो सिधा उडान सेवा हुनेछ । एअरलाइन्स्ले यस अघि नै बेइजिङ, छिन्ताओ र सांघाईमा नियमित रूपमा उडान सेवा सञ्चालनगर्दै आएको छ ।

यस रुटको पुनः सुरुवातले नेटवर्क बिस्तार तथा यात्रुहरूको चाहना अनुरुप नै प्रत्यक्ष, भरपर्दो र आरामदायी हवाई यात्रा अनुभव प्रदान गर्ने लक्ष्यलाई प्रगाढ रुपमा अगाडि बढाउने हिमालय एअरलाइन्स्को प्रतिबद्धतालाई अझ बढी प्रष्ट्याएको छ ।

आफ्नो नेटवर्कमा थपिएको यो रुटसँगै हिमालय एयरलाइन्स्ले नेपाल र चीनबीच व्यावसायिक अवसर, पर्यटन र सांस्कृतिक अन्तरक्रियालाई सहजीकरण गर्ने लक्ष्य राख्दै द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ तुल्याउन यो गदान पुऱ्याउने अपेक्षा गरेको छ ।

# आइसर र सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडबीच सम्झौता




**काठमाडौं–** नेपालका लागि आइशर कमर्सियल भेहिकल्सको एक मात्र आधिकारिक वितरक बतास एम. ए. डब्लु. कमार्सिअल भेईकल प्रा.लि.ले आफ्ना ग्राहकहरूलाई मध्यनजर गर्दै सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडसँग क्यासलेस इन्स्योरेन्स सम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको छ ।

टंगालस्थित बतास एम.ए.डब्लु. प्रा.लि.का तर्फवाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक कुमार अग्रवाल, बतास एम.ए.डब्लु.कम्पनी का प्रमुख प्रबन्ध निर्देशक शान्तराम जबतास र सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडका तर्फबाट मार्केटिंग हेड रामजी ढकाल , उप प्रमुख कार्यकारी अधिकृत योगेश कृष्ण श्रेष्ठ, कम्पनीका प्रमुख कार्यकारी अधिकृत वीरेन्द्र बैदवार क्षेत्रीको उपस्थितिमा काठमाण्डौंस्थित बतास एम. ए. डब्लु.को मुख्य कार्यालयमा आयोजित एक समारोहमा उक्त सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको हो ।

क्यासलेस योजना मार्फत् दुर्घटना भएको खण्डमा आइशर मोटर्स गाडीका खरिदकर्ताहरू बतास एम.ए.डब्लुका आधिकारिक सर्भिस सेन्टरहरूमा सिधै गई गाडी मर्मत वा बीमा रकम दाबी गर्न सक्नेछन् । क्यासलेस इन्स्योरेन्स अन्तर्गत ग्राहकले सवारीसाधन दुर्घटनामा परेको खण्डमा सोझै आइशरको आधिकारिक वर्कसपमा गई मर्मत गराउन सक्नेछन् र ग्राहकले बिमा रकम बाहेकको रकम मात्र तिर्नुपर्ने हुन्छ, बाँकी रकम बिमा कम्पनी र बतास एम.ए.डब्लु.बीच कारोबार हुनेछ ।

दुर्घटना कुनै पनि बेला हुन सक्ने र दुर्घटना भएपछि हुने पीर, चिन्ता र तनावलाई केहि हदसम्म घटाउनलाई यो क्यासलेस इन्स्यारेन्सले मद्दत गर्नेछ । यसका साथै ग्राहकले दुर्घटना पछि दाबी रकम इन्स्योरेन्स कम्पनीहरुले दिदैनन् कि भन्ने मानसिक तनावबाट पनि मुक्त हुने र ग्राहकहरुले आफूले पाउने पैसा बिना झन्झट छिट्टै पाउने तथा छिट्टै मर्मतसम्भार सकेर आफ्नो गाडी सडकमा लिएर निस्किन सक्ने अवस्था हुन्छ ।

यो सँगै सुरक्षाको दृष्टिकोणले आधिकारिक सर्भिस सेन्टरमा बनाउँदा दक्ष मेकानिकको निगरानीमा मर्मत हुने हुँदा सुरक्षित हुने जानकारी कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक कुमार अग्रवालले बताए । यसअघि आइशरले आफ्ना ग्राहकहरूलाई लक्षित गरी प्रत्येक गाडीको खरिदमा चालकलाई रु. २५ लाखको आकस्मिक बिमा उपलब्ध गराउँदै आइरहेको छ ।

# अर्थ संसार

## नबिल बैंकले ल्यायो मेसिनबाट चेक क्लियरिङ्ग गर्ने सुविधा




**काठमाडौं–** बैंकिङ सेवा तथा सुविधालाई डिजिटल बनाउन अग्रणी भूमिका निभाउँदै आइरहेको नबिल बैंकले प्क्इक्प मेसिन मार्फत चेक क्लियरिङ्ग गर्न सकिने सुविधाको प्रारम्भ गरेको छ ।

यस सुविधा मार्फत यगत धबचम अभिबचष्लन चेक अब ग्राहक स्वयंले प्क्इक्प मार्फत सोझै सम्बन्धित नबिलको खातामा रकम जम्मा गर्न सक्नेछन् । यो सुविधासँगै अब ग्राहकले आफ्नो समय अनुकुल पारि कार्यलय समय बाहेकका समयमा पनि बिना झन्झट चेक डिपोजिट गर्न सक्नेछन् । यो सेवाबाट ग्राहकको समयको बचत तथा स्वचालित र स्फुर्त रुपमा कारोबार हुने हुनाले यसबाट आफ्ना ग्राहकहरुले पूर्ण रुपमा लाभ लिनेमा विश्वस्त रहेको बैंकले जानकारी दिए ।

हाललाई नबिल बैंकका काठमाडौं उपत्यकामा ६ र उपत्यका बाहिर ४ गरी १० वटा शाखाबाट उक्त सेवा संचालनमा ल्याएको छ । बैंकका अनुसार उपत्यका भित्रका तीन धारा, ललितपुर, त्रिपुरेश्वर, नयाँ बानेश्वर, न्यूरोड र कुलेश्वर शाखाबाट तथा उपत्यका बाहिरका विराटनगर, वीरगन्ज, पोखरा र बुटवल शाखामा यो सुविधा पाउन सकिनेछ ।

नबिल बैंक नेपालको अग्रणी वाणिज्य बैंक मध्ये एक हो । बैंकले देशभर २६६ शाखा सञ्जाल सहित १९ वटा एक्सटेन्सन काउन्टर र ३१० एटिएम मेसिनबाट सेवा प्रदान गर्दे आएको छ । नबिल बैंकसँग हालसम्म १८ लाखभन्दा बढी ग्राहक संख्या पुगेको छ ।

## ज्योति विकास बैंकको प्रमुख कार्यकारी अधिकृतमा कपिल ढकाल नियुक्त



**काठमाडौं–** ज्योति विकास बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०८० मंसिर २० गते बुधबार सम्पन्न ४७१ औं बैठकले कपिल ढकाललाई बैंकको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको छ ।

बैंकिङ क्षेत्रको उच्च व्यवस्थापन तहमा करिब १५ वर्ष भन्दा बढीको अनुभव बोकेका कपिल ढकाल २०८०/०८/२० देखि लागु हुनेगरि ज्योति विकास बैंकको प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएकाछन् । नव-नियुक्त प्रमुख कार्यकारी अधिकृत ढकाल यसअघि ज्योति विकास बैंकको वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा बैंकमा आवद्ध थिए ।

चार्टर्ड एकाउन्टेन्ट रहेका कपिल ढकालसंग डिलोईट इन्डिया, आईसी आईसीआई बैंक इन्डिया, हाम्रो विकास बैंकको प्रमुख कार्यकारी अधिकृत तथा एनआईसी एसिया बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्य गरेको अनुभव रहेको छ । उहाँ एनआईसी एसिया क्यापिटल लिमिटेडर एन आई सी एसिया लघुवित्त वित्तीय संस्थाका अध्यक्ष रहनुका साथै हाल ज्योति क्यापिटल लिमिटेडको अध्यक्ष पनि रहेकाछन् ।

नव-नियुक्त बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालको यस क्षेत्रमा रहेको लामो कार्य अनुभव तथा कुशल व्यवस्थापकीय क्षमताले उहाँको नेतृत्वमा आगामी दिनमा यस बैंकलाई थप सबल, ग्राहक मैत्री र सुदृढ बैंकको रुपमा स्थापित हुने विश्वास बैंकले लिएको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाज प्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तमहित सदा उच्च प्राथमिकतामा राखेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# धनबहादुर विश्वकर्मा काठका ठेकीबाट जीविकोपार्जन गर्दै



**मन्थली–** रामेछापको मन्थली नगरपालिका-१३ फुलासीका धनबहादुर विश्वकर्माले काठको ठेकी बनाएर जीविकोपार्जन गर्दै आएका छन् ।

उनी धेरै मेहनतका साथ खोलाको पानीलाई डोहोर्याएर उच्च स्थानमा ल्याई त्यहाँबाट झरेको पानीको सहायताले काठका ठेकी बनाउछन् । रामेछाप र दोलखाको सिमानाबाट बग्ने खिम्ती खोलाको पानीको साहाराले काठमा जीवन्त कला भरेर काँचो काठलाई आकारमा ढाल्छन् ।

दिनभर काम गर्दा पनि राम्रो अर्थोपार्जन नहुने भएपछि यो पेसा युवा पुस्ताले सम्हालेनन् र गर्ने अरुले पनि सबैले छोड्दै गएको उल्लेख गर्दै उनी भन्छन्, "मेहनत धेरै गर्नुपर्छ, कामअनुसारको आम्दानी हुँदैन । धेरै दु:ख गर्नुपर्ने भएकाले नयाँ पुस्ताले यो पेसाप्रति चासो दिनै छाडे ।" पानी भएको खोल्साखोल्सीमा निर्माण गरिएको ठेकी भाँडा बनाउने ठाउ (चुँदारो) चिसोमा बस्नुपर्ने हुँदा स्वास्थ्य समस्याको जोखिम छ । "हाम्रो पुर्ख्यौली पेसा सङ्कटमा पर्न थालेको छ । यसको संरक्षणमा सरकारले ध्यान दिए हुन्थ्यो ।

"हामीले बलकै भरमा परम्परागतरूपमा काम गरिरहेका छौँ । बाउबाजेले जसरी गरे, हामीले पनि त्यसरी नै काम गर्दै आएका छौँ । आधुनिक उपकरण खरिद गर्नका लागि स्थानीय सरकार तथा सरोकारवाला पक्षबाट सहयोग आवश्यक छ तर यो पेसा संरक्षणमा कसैको पनि सहयोग छैन ।"

काठको सामग्री बनाउन दार, पँयले, लौठसल्ला, मौवा, कटहरलगायत रुखको काठ उपयोगी हुने बताइन्छ । उनका अनुसार पछिल्लो समय त्यस्ता काठसमेत अभाव हुँदै गएको छ । काममा त दु:ख छँदैछ । अझ काठको पनि अभाव छ । गाउँले आफैँले काठ खोजेर ल्याए भने बनाउन सकिन्छ ।

परम्परागतरूपमा काठबाट बनेका ठेकी, पाथी र मानालगायत वस्तु लोप हुने अवस्थामा पुगेका छन् । परम्परागतरूपमा काठबाट निर्मित कलात्मक तरिकाले कँदिएका दूध दुहुने ढुङ्गो, दही जमाउने ठेकी, अन्न भर्ने पाथी र माना तथा घ्यू जमाउने हर्पे, मोही पार्ने घुर्रोजस्ता वस्तु उत्पादन भएर त्यतिकै मात्रामा गाउँमा बिक्री हुने गरेको थियो । अहिले गाउँमा ती वस्तु लोप हुने अवस्थामा पुगेका छन् ।

पहिला प्लास्टिक, सिलाबर र स्टिलबाट बनेका ठेकीजस्ता भाँडा भेट्न मुस्किल हुन्थ्यो । त्यसकारण काठबाट बनेका वस्तु बिक्री वितरण हुने गर्दथे तर अहिले जताततै प्लास्टिकका वस्तु प्रयोग भएकाले काठबाट बनेका वस्तु लोप हुन थालेको मन्थली नगरपालिका-१३ का ओमकार अधिकारी बताउछन् ।

उनी भन्छन्, "पहिला प्लास्टिक, सिलाबर र स्टिलबाट बनेका भाँडाको सट्टामा गाउँकै सामुदायिक वन र व्यक्तिको बारीको कान्लामा हुने ठूलो रुख कटहर र दारका काठबाट ठेकी निर्माण गरिन्थ्यो तर अहिले गाउँमा काठको अभावमा यो पेसामा लाग्ने व्यक्तिसमेत पलाएन भइसके ।"

# नवराज विक हत्या प्रकरणमा २३ जनालाई जन्मकैद



**काठमाडौं–** जिल्ला अदालत रुकुम पश्चिमले साढे तीन वर्षअघि चौरजहारी नगरपालिका सोती गाँउमा भएको नवराज विकसहित ६ जनाको हत्याको घटनामा २३ जनालाई जन्मकैदको सजाय सुनाएको छ ।

मंगलबार जिल्ला अदालतका न्यायाधीश खडकबहादुर केसीको इजलासले उक्त घटनामा क्रुरतापूर्वक हत्या गरेको, घाइतेको हकमा ज्यान मार्ने प्रयास गरेको, अपहरण गरी शरीर बन्धक बनाई हत्या गरेको र जातीय भेदभाव तथा छुवाछुत गरेको आरोपमा तत्कालिन वडाध्यक्ष डम्बरबहादुर मल्लसहित २३ जनालाई जन्मकैदको सजाय सुनाएको हो । जन्मकैदको सजाय तोकिएकाहरु २५ वर्ष कैद बस्नु पर्छ ।

ज्यान मुद्दाको सजाय पाउनेमा जन्मकैदको मुद्दामा सजाय पाउने अन्यमा नवराजकी प्रेमिकाका बाबु (नाम गोप्य), प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मोहन पुन, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, सविन पुन, एक नाबालक, डिल्लीमल्ल ठकुरी, तिलक चन्द, इन्द्रबहादुर ठकुरी, लिपेन्द्रकुमार मल्ल, हर्कबहादुर मल्ललाई जन्मकैदको सजाय सुनाइएको जिल्ला अदालत रुकुम पश्चिमका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाले जानकारी दिए ।

त्यस्तै विनोद मल्ल, नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, धनराज राना, नविन घर्ती, भीम पुन, विराज पुन, बिष्णु मल्ल र रमित मगरलाई पनि जन्मकैदको सजाय सुनाइएको छ । उनीहरु हाल पुर्पक्षका लागि थुनामा नै छन् । नवराज विककी प्रेमिका, उनकी आमा र भाइले ज्यान मारेको आरोपबाट सफाइ पाएका छन्, तर जातीय छुवाछुतको आरोपमा दोषी ठहर भएका छन् ।

उनीहरुलाई जनही २ वर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना गरिएको छ । सूचना अधिकारी कोइरालाले भने, 'यसअघि धरौटीमा छुटेकाहरुले ज्यान मारेको आरोपबाट सफाइ पाए । किशोरी, उनकी आमा र नाबालक भाइ भने जातीय छुवाछुतको आरोपमा मात्रै दोषी ठहर भएका छन् ।' हरेक पिडितका परिवारलाई ४० हजार रुपैंयाका दरले क्षतिपूर्ति भराउने आदेश भएको सूचना अधिकारी कोइरालाले बताए ।

घटनामा संलग्नको आरोप लागेका दीपेन्द्र चन्द, तुलबहादुर मल्ल, इन्द्रबहादुर मल्ल, भीमबहादुर बुढा, डिल्ली घर्ती, लोकेन्द्र घर्ती, तुलाराम घर्ती र सौरभ पुन गरी ८ जनाले सबै मुद्दामा सफाइ पाएका छन् । जिल्ला अदालत रुकुम पश्चिमका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाले फैसलावारे जानकारी दिँदै हाल पुर्पक्ष थुनामा रहेका २३ जनालाई जन्मकैद भएको बताए ।

अनि संरक्षकको जिम्ममा रहेका एक नाबालकलाई समेत जन्मकैद भएको समेत बताए । ८ बालबालिकासम्बन्धी ऐन अनुसार, बालबालिकालाई नियमित सजायको बढीमा ७५ प्रतिशत मात्रै सजाय तोकिन्छ । ती नाबालकलाई जन्मकैद भनेपनि पुरै २५ वर्ष कैद बस्नु पर्दैन ।

उनलाई बालबालिका सम्बन्धी ऐन अनुसार उनको सजाय कति छुट भएको भन्नेवारे सूचना अधिकारी कोइरालाले केही खुलाएनन् । ८ १० जेठ २०७७ मा जाजरकोटको भेरी नगरपालिका-४ रानागाउँका २१ वर्षका नवराज विक आफ्नी प्रेमिकासँग विवाह गर्न साथीहरुसँगै रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ सोती गाउँ पुगेका थिए । त्यस क्रममा किशोरीका आफन्त र गाउँलेले लखेटीलखेटी नवराज विकसहित ६ जनाको हत्या गरेका थिए भने १२ जना घाइते भएका थिए ।

# नेविसंघ हुम्ला-काठमाडौं सम्पर्क समितिद्वारा हुम्ली जनतालाई समयमै चामल उपलब्ध गराउन अपिल

■ देवजङ्ग शाही

**काठमाडौं–** नेपालको ७७ वटा जिल्ला मध्य एक त्यो जिल्ला हुम्ला हो । जो अहिले सम्म राष्ट्रिय सडक संजालले छोएको छैन । जहाँ निजि कम्पनीहरुको एक बोरा चामल ३० के. जिको मुल्य ४ हजार देखी ५ हजार सम्म पर्ने गर्दछ ।

त्यस्तै अन्य समानको मुल्य पनि तेतिनै महँगो पर्दछ । हुम्ला जिल्लामा राज्यबाट सहुलियत सेवामा नेपाल खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडले उपलब्ध गराउने चामल र नुन हाल विभिन्न संचारमाध्यमबाट आबश्यकता अनुसार चामल ढुवानी नहुदा गोदाम रित्तिएको भन्ने समाचारहरु प्रसारण भइरहेका छन् । संचार माध्यमका अनुसार समयमा ढुवानी हुन नसकेको भन्ने जस्ता समाचार प्रकाशन भएको छ । नेपाल सरकारबाट ढुवानीको जिम्मेवारी पाएको सम्बन्धि निकाय (ठेकेदार) लाई समयमा चामल ढुवानी गर्न आग्रह गर्दछौं ।

नेपाल खाद्य ब्यबस्था तथा ब्यापार कम्पनी लिमिटेडलाई पनि खाध्यन्न सकियो भनेर चिसो समयको घाम तापेर नबस्नु हुन अनुरोध गर्दछौं । चामल ढुवानीमा किन ढिलासुस्त भएको हो । यसको छानबिन गरि ठेक्का पाएको कम्पनीलाई छिटो भन्दा छिटो ढुवानी गराउन हुन अनुरोध गर्दछौं ।

अनन्त यो समस्यको जिम्मेवारी नेपाल खाद्य ब्यबस्था तथा ब्यापार कम्पनी लिमिटेड हुनु पर्नेछ । किन भने सर्वसाधरण नगरिकको खाद्यन्न ढुवानीमा लापरबाही गर्ने कस्तो खालको ठेकेदारलाई ढुवानीको जिम्मेवारी दिनु भएको हो प्रश्न नेपाल खाद्य ब्यबस्था तथा ब्यापार कम्पनी लिमिटेडलाई हुनेछ । त्यसैले खाद्यन्न ढुवानी यथाशीघ्र गरि नागरिकलाई समयमा चामल उपलब्ध गराउन हुन हार्दिक अपिल गर्दछौ ।

# खेलकुद

## भरतपुरमा क्वाड्राङ्गुलर ट्वान्टी-२० क्रिकेट सिरिज सुरू, चितवन र नवलपुर विजयी



**चितवन–** भरतपुरमा आइतबारदेखि चितवन, नवलपुर, मकवानपुर र पर्सा जिल्लाका चार क्रिकेट टिम सहभागी भएका क्वाड्राङ्गुलर ट्वान्टी-२० क्रिकेट सिरिज सुरु भएको छ । भरतपुर-१५ रामपुरमा निर्माणाधीन गौतम बुद्ध क्रिकेट रंगशालाको नमुना क्रिकेट मैदानमा पहिलो दिन चितवन र नवलपुर विजयी भएका छन् ।

चितवनले पर्सालाई ४३ रनले र नवलपुरले मकवानपुरलाई २२ रनले पराजित गर्‍यो । टस जितेको चितवनले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १ सय २५ रन बनायो । प्लेयर अफ द म्याच ओपनर विकल गुप्ताले ४० बल खेली ५३ रन बनाए । पर्साका सेराफुल हवारीले ३, सैफुल्लाह अन्सारीले २ तथा एफाज मन्सुरी, सम्साद मन्सुरी, नसुरिदिन अन्सारी र सम्साद अन्सारीले समान एक विकेट लिए ।

पर्सा १८ ओभरमा ८२ रनमा अलआउट भयो । चितवनका दिवस आचार्यले ४ ओभरमा १३ रन खर्चिएर ३ तथा दानिस इकबाल, क्रिजन गुरुङ र नरेश प्रधानले समान २ तथा दीपेश श्रेष्ठले १ विकेट लिए । पर्साबाट सम्साद मन्सुरीले २८ र सम्साद अन्सारीले २५ रन जोडे ।

दोस्रो खेलमा पहिला ब्याटिङ रोजेको नवलपुरले ९ विकेट गुमाएर १ सय १७ रन बनायो । कमल परियारले १९ बल खेली ३ छक्का प्रहार गर्दै २७, गोविन्द विकले २३ र रिजन काफ्लेले २१ रन बनाए । मकवानपुरका रिजन ढकालले ४ तथा समीर चौलागाईं, शुभ कंसाकार, साकार गजुरेल र सुवर्ण भट्टले समान १ विकेट लिए ।

मकवानपुर ९ बल बाँकी छँदा ९५ रनमा अलआउट भयो । सन्देश बस्नेत र गोकुल अधिकारीले समान २१, सुमन सुनारले १६ र शुभले ११ रन बनाए । नवलपुरका अपरिचित पौडेलले ४ ओभरमा १ मेडनसहित ८ रन खर्चिएर ३ विकेट लिँदै प्लेयर अफ द म्याच बने । शिशिर भुसाल र कुमार रानाले समान २ तथा सुदीप अर्यालले १ विकेट लिए ।

सोमबार नवलपुर र पर्सा तथा चितवन र मकवानपुरबीच खेल हुनेछ । चितवन जिल्ला क्रिकेट संघले आयोजना गरेको प्रतियोगिता सिंगल राउन्ड लिगका आधारमा खेलाइनेछ । सहभागी चार टोलीले हरेकसँग खेलेपछि शीर्ष दुई टोली फाइनलमा प्रतिस्पर्धा गर्नेछन् । फाइनल मंसिर २७ मा हुनेछ । विजेता र उपविजेता टोलीलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

जिल्ला क्रिकेट संघका अध्यक्ष सुदीप पियाले अहिले सम्मिलित चार जिल्लाले आउँदा दिनमा पनि मिलेर प्रतियोगितालाई निरन्तरता दिने योजना रहेको जनाए ।

## सुनवलमा प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिता सुरु




**परासी** – पश्चिम नवलपरासीको भूमहीमा प्रथम रामनगर प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिता सुरू भएको छ । प्रतियोगिताको लुम्बिनी प्रदेश सभाका सभामुख तुलाधर घर्तीमगरले सोमबार उद्घाटन गरे ।

प्रतियोगिताको उद्घाटन गर्दै सभामुख घर्तीले बुद्ध र सगरमाथाको देश सँगै खेलक्षेत्रबाट समेत राष्ट्रलाई चिनाउन लागि पर्नुपर्ने बताए । साथै खेल क्षेत्रलाई प्रदेश सरकारले प्राथमिकता दिएर लगानी बढाउनुपर्नेमा पनि उनले जोड दिए ।

लुम्बिनी प्रदेशका ८ जिल्लाका १२ वर्ष माथिका एकल तथा विभिन्न उमेर समूहमा पुरुष तथा महिला गरि २सय ८५ खेलाडीको सहभागिता रहेको आयोजक प्रदेस स्तरीय तेक्वान्दो समितिका अध्यक्ष तपनकुमार केवटले बताए । विभिन्न जिल्लाबाट छनौट भएर आएका खेलाडी सहभागी खेल मंगलबार सम्म चल्नेछ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १८, २०८० साल मंसिर २६ गते मंगलबार (Dec 12, 2023)

# यो वर्षमा रु १५ अर्ब २४ करोड बराबरको विद्युत् भारततर्फ निर्यात



**काठमाडौं–** यस वर्षको वर्षायाममा रु १५ अर्ब २४ करोड बराबरको विद्युत् भारततर्फ निर्यात गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् यस वर्ष गत जेठ २८ बाट भारतीय बजारमा बिक्री सुरु गरेको थियो ।

प्राधिकरणले यस वर्षको जेठदेखि २० मङ्सिरसम्ममा एक अर्ब ७३ करोड ७१ लाख युनिट विद्युत् निर्यात गरी रु १५ अर्ब २३ करोड ८० लाख आर्जन गरेको हो । प्राधिकरणले यस अवधिमा दैनिक रुपमा अधिकतम सात सय मेगावाटसम्म विद्युत् निर्यात गरेको थियो । निर्यात गरिएको विद्युत्को औसत बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ७७ पैसा छ ।

चालु आर्थिक वर्ष २०८० र८१ को साउनदेखि २० मङ्सिरसम्ममा रु १३ अर्ब २३ करोड ६७ लाखको विद्युत् निर्यात गरिएको छ । यस अवधिमा एक अर्ब ४७ करोड ६७ लाख युनिट विद्युत् निर्यात भएको छ । निर्यात गरिएको विद्युत्को औसत बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ९६ पैसा छ ।

सुक्खायाम सुरु भएसँग खोला तथा नदीहरुमा पानीको बहाव घटी देशभित्रका जलविद्युत् गृहहरुबाट उत्पादन घट्न सुरु भएको छ । तर जाडोसँगै आन्तरिक माग बढेपछि त्यसलाई पूर्ति गर्न भारतीय बजारबाट विद्युत् आयात सुरु भएको छ । शुक्रबार रातिबाट विद्युत् निर्यात बन्द हुनेछ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अहिले दैनिक रुपमा विद्युत्को अधिकतम माग एक हजार सात सय मेगावाटको हार ाहारीमा रहेको र त्यसलाई पूर्ति गर्न आन्तरिक उत्पादनले मात्र नधान्ने हुँदा थोरै परिमाणमा विद्युत् आयात सुरु गरिएको बताए । "अहिले विद्युत् उत्पादन र माग करिब करिब बराबरी छ, हाम्रा अर्धजलाशययुक्त विद्युत् गृहहरुमा दिउँसो र राति पानी जम्मा गरी साँझ र बिहानको पिक सययमा चलाइरहेका छौँ", कार्यकारी निर्देशक घिसिङले भने ।

"पिक समयमा आयात गर्दा विद्युत्को दर महँगो पर्छ भने दिउँसो र रातिको दर सस्तो पर्छ, त्यसैले देशभित्रका अर्धजलाशययुक्त आयोजनाहरुमा दिउँसो र राति पानी जम्मा गरी उक्त समयमा आयात गर्दा सस्तो दरमा पाइने विद्युत् थोरै परिमाणमा मात्र आयात सुरु गरिएको छ । "

चैत र वैशाखमा विद्युत् आयातको परिणाम केही बढेता पनि यस वर्ष आयातभन्दा निर्यात बढी भई खुद निर्यातकर्ता बन्ने अवस्था प्रक्षेपण गरिएको जानकारी दिए । "आगामी वैशाखको दोस्रो हप्ताबाट विद्युत् निर्यात पुनः सुरु हुने छ । यस वर्ष करिब नौ सय मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा थपिँदैछ, त्यसैले अर्को वर्ष करिब रु २५ अर्बको विद्युत् निर्यात हुनेछ ।" "दुई देशबीचको प्रसारण सञ्चालन सुधारका लागि ठूलो क्षमताका लाइनहरु बनिरहेका छन् भने देशभित्र पनि जलविद्युत् आयोजनाहरुको निर्माण भइरहेका छन् त्यसैले आगामी पाँच वर्षभित्रमा वार्षिक रुपमा करिब रु एक खर्ब बराबरको विद्युत् निर्यात हुने अवस्था बनिरहेको छ ।"

प्राधिकरणले जेठमा रु २१ करोड ६० लाख, असारमा रु एक अर्ब ७८ करोड ५३ लाख, साउनमा रु दुई अर्ब १४ करोड ७६ लाख र भदौमा रु तीन अर्ब ४७ करोड ८५ लाख बराबरको विद्युत् निर्यात गरेको छ । यसैगरी, असोजमा रु चार अर्ब १७ करोड ७७ लाख, कात्तिकमा रु दुई अर्ब ६९ करोड ७० लाख र २० मंसिरसम्ममा रु ७३ करोड ५९ लाख विद्युत् निर्यात गरी आर्जन भएको छ ।

## प्रधानमन्त्री प्रचण्ड र अमेरिकी राष्ट्रिय सुरक्षा परिषदकी वरिष्ठ निर्देशक इलिन लाउबाचरबीच भेटवार्ता



काठमाडौं- प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र दक्षिण एसियाका लागि अमेरिकी राष्ट्रिय सुरक्षा परिषदकी वरिष्ठ निर्देशक इलिन लाउबाचरबीच भेटवार्ता भएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनका विशेष सहायक समेत रहेकी लाउबाचर प्रधानमन्त्री प्रचण्डलाई भेट्न बिहीबार बिहान बालुवाटारस्थित निवास पुगेकी थिइन् । भेटवार्तामा दुई मुलुकबीचको सम्बन्धलाई थप बलियो बनाउने र द्विपक्षीय सहकार्य थप बढाउने विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

उनी बुधबार काठमाडौं आएकी थिइन् । काठमाडौं आएलगत्तै उनले परराष्ट्रमन्त्री एनपी साउद, प्रधानसेनापति प्रभुराम शर्मा र राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास बैरागीसँग भेटवार्ता गरेकी थिइन् । लाउबाचरले भारतस्थित अमेरिकी दूतावासमा सैनिक सहचारीको रूपमा पनि काम गरेकी थिइन् ।

### रेड बुल...

पृष्ठ १ बाट जारी

रेडबुल उत्पादन गर्नेछ । यो रेडबुलको नेपालमै स्थानीय उत्पादन तथा ब्रान्डको यात्रामा एक महत्वपूर्ण कोसेढुङ्गा हुने बताइएको छ ।

साथै यसले स्थानीय स्रोत-साधनहरुको सशक्तीकरण तथा वातावरणीय दिगोपनप्रति समेत प्रतिबद्धता दर्शाउने कम्पनीले जनाएको छ । सरस बेभरेजका प्रमुख कार्यकारी अधिकृत पवन जगोटियाले भने, 'सरस बेभरेजको अत्याधुनिक अमरापुरी फ्याक्ट्रीमा हामी गर्वका साथ प्रतिष्ठित रेड बुल उत्पादन गर्दैछौं ।

वातावरणीय दिगोपनप्रति हामी सदैव प्रतिबद्ध छौं । त्यसैले फ्याक्ट्रीको आधा बिजुली वैकल्पिक उर्जा स्रोतहरूबाट उत्पादन गर्दैछौं ।'

रेडबुलको फ्याक्ट्री स्थापना पश्चात अन्तरराष्ट्रिय ब्रान्डहरुलाई नेपालमा उद्योग अनुकुल वातावरण रहेको सकारात्मक सन्देश जाने समेत उनले विश्वास दर्शाए ।

प्रतिष्ठित ब्राण्ड रेड बुल उत्पादन गर्ने नेपाल विश्वको चौथौं देश हो । पहिलो रेड बुल उत्पादन गर्ने थाइल्यान्ड हो भने त्यसपछि भियतनाम तथा चीन हुन् ।

## भारतले प्याज निर्यातमा प्रतिबन्ध लगायो



काठमाडौं- भारतले प्याज निर्यातमा प्रतिबन्ध लगाएको छ । बिहीबार भारतको वैदेशिक व्यापार महानिर्देशनालयले एक राजपत्र प्रकाशित गर्दै डिसेम्बर अन्तिमसम्मको प्याज निर्यातको कसिलो व्यवस्था परिमार्जन गर्दै शनिबारबाट लागू हुने गरी प्याज निर्यातमा प्रतिबन्ध लगाएको जनाएको छ ।

यस्तो निर्णयपछि अब २०८१ वैशाखसम्म भारतीय नीतिको असर नेपाली बजारमा पर्नेछ । प्याज निर्यातमा न्यूनतम मूल्य तोकिएलगत्तै नेपालमा प्याजको उपभोक्ता मूल्यमा बृद्धि भएको थियो । यसअघि अक्टोबर ८ मा वैदेशिक व्यापार नीतिमा संशोधन गर्दै भारतले प्याजको निर्यातमा न्यूनतम निर्यात मूल्य प्रतिमेट्रिक टन ८०० डलर तोकेको थियो ।

भारतीय बजारमा प्याजको मूल्यमा उल्लेख्य बृद्धि भएको भन्दै स्थानीय बजारमा मूल्यबृद्धि रोक्न भारतले यस्तो निर्णय गरेको थियो ।

### मानवजिवन संकटमा छ...

पृष्ठ १ बाट जारी

'जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गरेर यस क्षेत्रका मानिसको जीवन सहज बनाउनु हाम्रा सामु ठूलो चुनौती छ । हिमालमा हिउँ पग्लने, हिमताल फुट्ने, पहाडमा पहिरो जाने र दक्षिण तटमा बाढीले गर्दा जलवायु परिवर्तनजन्य घटनाका कारण अर्थतन्त्र, वातावरणीय प्रणाली र मानवतालाई ठूलो हानी नोक्सानी पुगिरहेको छ,' पौडेलले भने ।

राष्ट्रपति पौडेलले नेपाल सरकारले जलवायु परिवर्तन, वातावरणीय ह्रास, विपत् जोखिम न्यूनिकरण, जैविक विविधता संरक्षण, जीवीकोपार्जनसम्बन्धी मुद्दामा छिमेकी मुलुक र अन्तर्राष्ट्रिय साझेदारहरूसँगको सहकार्यलाई प्राथमिकतामा राखेको बताए ।

पौडेलले इसिमोडको संस्थागत विकास गर्न र समग्र हिन्दुकुश हिमालमा अवस्थित पर्वतीय क्षेत्रको दिगो विकासका लागि सधैँ प्रतिवद्ध भएको र भविष्यमासमेत नेपालको सहयोग जारी रहने बताए ।

# अन्तराष्ट्रिय समाचार

## अस्ट्रेलियाले आप्रवासनका लागि कडाइ गर्दै



**काठमाडौं–** अस्ट्रेलिया सरकारले देशको अध्यागमन प्रणालीलाई ठीक गर्ने प्रयास स्वरूप दुई वर्ष भित्र आप्रवासीको संख्यालाई हालको भन्दा आधा गर्ने बताएको छ । अस्ट्रेलियाले आप्रवासीको रुपमा भित्रिने संख्यालाई जुन २०२५ सम्ममा घटाउँदै लगेर वार्षिक २ लाख ५० हजारमा सीमित गर्ने बताएको छ ।

नयाँ योजनाअन्तर्गत अन्तर्राष्ट्रिय विद्यार्थी र कम सीप भएका कामदारका लागि भिसा नियमहरू पनि कडा बनाइने भएको बीबीसीले उल्लेख गरेको छ।

अस्ट्रेलियामा बसाइँसराइले आप्रवासीको संख्या बढेकाकारण आवास र पूर्वाधारमा समस्या परेको भन्दै आप्रवासीका रुपमा भित्रिनेको संख्या आधाले कम गर्ने निर्णयमा अस्ट्रेलिया सरकार पुगेको हो । तर त्यहाँ अहिले पनि दक्ष कामदारको भने अभाव रहेको र उनीहरूलाई आकर्षित गर्न अस्ट्रेलिया संघर्षरत रहेको पनि बताइएको छ । सोमबार एक मिडिया ब्रीफिङमा नयाँ १० वर्षीय अध्यागमन रणनीतिको अनावरण गर्दै, गृह मामिलामन्त्री क्लेयर ओनिलले भने अघिल्लो सरकारले आप्रवासन प्रणालीलाई जर्जर बनाएको आरोप समेत लगाए ।

यस वर्षको सुरुमा गरिएको एक समीक्षाले अस्ट्रेलियाको आप्रवासन प्रणाली नराम्रोसँग बिग्रिएको देखाउँदै त्यो अनावश्यक रूपमा जटिल, ढिलो र असक्षम रहेको र त्यसमा धेरै सुधारको आवश्यकता रहेको पत्ता लगाएको थियो।

यसै वर्षको जुनसम्ममा मात्रै अस्ट्रेलियामा ५ लाख १० हजार आप्रवासीका रुपमा आएका सरकारले उक्त संख्यालाई नियन्त्रणमा ल्याउन कदम चाल्दै वार्षिक बसाइँसराइको मात्रा लगभग ५० प्रतिशतले घटाउने मन्त्री ओनिलले बताएका छन् ।

आप्रवासीका रुपमा आउनेको संख्या घटाउन उपायहरू मध्ये अन्तर ाष्ट्रिय विद्यार्थीहरूका अंग्रेजी भाषाको न्यूनतम आवश्यकतालाई कडा पारिने भएको छ । यसका साथै, भिसाका लागि आवेदन दिनेहरूको थप छानबिन गरिने छ भने विद्यार्थीहरूले अस्ट्रेलियामा गर्ने थप अध्ययनले उनीहरूको शैक्षिक आकांक्षा वा करिअरलाई अगाडि बढाउनेछ भनेर पुष्टि गर्न सक्नुपर्ने छ । अस्ट्रेलियामा लगभग ६ लाख ५० हाजर विदेशी विद्यार्थीहरू रहेका छन् । ती मध्ये धेरै दोस्रो भिसामा छन् । उच्च-दक्ष प्राविधिक कामदारहरूका साथै हेरचाह गर्ने कामदारहरूका लागि भने स्थायी बसोबासको राम्रो सम्भावनाहरू प्रदान गर्ने गरी प्रणालीमा सुधार गरिने पनि बताइएको छ ।

मन्त्री ओनिलका अनुसार नयाँ नीतिले अस्ट्रेलियालाई आवश्यक कामदारहरू आकर्षित गर्नेछ र देशमा बस्ने, काम गर्ने र अध्ययन गर्नेहरू माथि हुने शोषणको जोखिम कम गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ ।

विपक्षीका आप्रवासी सम्बन्धी विषयका प्रवक्ता डान तेहानले भने सरकारले अस्ट्रेलियालाई महामारीपछिको समस्याबाट बाहिर निकाल्न आप्रवासन नीतिहरूमा समायोजन गर्न धेरै ढिलो भएको बताएका छन् ।

## जलवायु न्यायलाई ध्यान दिंदै सहमति गर्नुपर्छ : महासचिव गुटेरेस

**यूएई–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरसले विश्व जलवायु सम्मेलन कोप २८ समापन नजिक पुगेकाले यस सम्मेलनमा भाग लिन आएका विभिन्न देशका उच्च पदस्थ अधिकारीहरूले जलवायु न्यायलाई नबिर्सी हरित गृह ग्यासको उत्सर्जन कम गर्न लचकताका सहमति गर्नु पर्ने बेला भएको बताएका छन् ।

संयुक्त अरब इमिरेट्सको दुबईमा जारी विश्व जलवायु सम्मेलन कोप २८ सकिनै लाग्दा सोमबार पत्रकार सम्मेलन गर्दे उनले जलवायु न्यायलाई उच्च प्राथमिकतामा राखिनुपर्ने बताएका हुन् । सम्मेलनले आफ्ना यसअघिका निर्णय कार्यान्वयनको समीक्षा र आगामी कार्यदिशा निर्धारण गर्दा जलवायु विज्ञान, विकासोन्मुख र अल्पविकसित मुलुकको आवश्यकतालाई पनि ध्यान दिनुपर्नेमा उनको जोड थियो ।

उनले प्रत्येक देशले एनडीसीमार्फत गरेको जलवायु अनुकुलनको प्रतिबद्धतालाई समय सीमा तोकेर इमान्दारितापूर्वक कार्यान्वयन गर्नुपर्नेमा पनि जोड दिए । यसका साथै उनले हरित गृह ग्यासको उत्सर्जनलाई घटाउने, जैविक उर्जाको प्रयोगलाई घटाउँदै जलवायु न्यायलाई मध्यनजर गरेर प्रत्येक देशले योजना बनाई काम गर्नुपर्ने बताए । 'जैविक उर्जाको खपत घटाउने कार्यमा यो सम्मेलन सफल भएन भने यो सम्मेलनलाई असफल भन्न मिल्छ ?' भन्ने पत्रकारको जिज्ञासामा महासचिव गेटेरेसले जैविक उर्जा खपत एकै पटक हटाउन नसकिने टिप्पणी गरे ।

'एकैपटक सबैले बन्द गर्ने पनि होइन । यसलाई प्रत्येक देशले बिस्तारै कम गर्दै लैजाने भन्ने हो । समय तोकेर कम गर्दै लग्यो भने लक्ष्य हासिल हुन्छ । तर सबै एकैपटक बन्द गर भन्ने होइन,' उनले भने, 'जैविक उर्जाको खपत कम गर्नु भनेको रोजगारी वृद्धि गर्नु पनि हो । यो समय भनेको सम्झौता गर्ने समय हो । यहाँ हामीले सबै विषयमा बिजयको अपेक्षा राख्नुहुँदैन ।'

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक


# बाबुराम भट्टराई १४औं स्मृति दिवस तथा स्मृति पुरस्कार वितरण सम्पन्न




■ जयराम बिडारी

**काठमाडौं–** इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोकमा लामो समय प्राध्यापन गरी प्राविधिक शिक्षाका अभियन्ताका रुपमा परिचय स्थापित गराउन सफलता प्राप्त गर्दै सोही क्यामपसमा डीन जस्तो महत्वपूर्ण पदमा रहि सेवा प्रदान गर्ने क्रममा यसको स्वायत्तता स्थापित गर्न सफल स्वर्गीय इन्जीनियर बाबुराम भट्टराईको १४औं स्मृति दिवस तथा स्मृति पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ।

आफ्नो कार्यकालमा इन्जिनियरिङ्ग अध्ययन संस्थानलाई उल्लेखनीय योगदान दिएको कदर स्वरुप इन्जीनियरिङ अध्ययन संस्थान पुल्चोकले एक सभाकक्षको नाम नै बाबुराम भट्टराई सभाकक्ष नामाकरण गरिदिएको सभाहलमा आयोजना गरिएको स्मृति दिवस तथा स्मृति पुरस्कार समारोहमा पोखरा विश्व विद्यालयका पूर्व उपकूलपति प्रा. डा. चिरञ्जिवी शर्माको प्रमुख आतिथ्यता एवं प्रतिष्ठानकी अध्यक्ष श्रीमती मथुरा भट्टराईको सभापतित्व तथा प्रा. डा. हिराबहादुर महर्जन प्रा.डा.जीवराज पोखरेल, प्रा.चैतन्यप्रसाद शर्मा,डा. बिष्णुहरि नेपाल. प्रा. खगेन्द्रप्रसाद भट्टराई, प्रा.कमलकृष्ण जोशी, प्रा. रामचन्द्र सापकोटा, पुल्चोक क्याम्पसका पूर्व प्रमुख तथा नेशनल कलेज अफ इन्जीनियरिङका क्याम्पस प्रमुख पुरुषोत्तम श्रेष्ठ लगायतको आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा पुरुषोत्तम श्रेष्ठद्वारा कार्यपत्र प्रस्तुत गर्दै प्राविधिक शिक्षाको उन्नयनका नाममा सम्बन्धन प्राप्त गरि च्याउ सरी उम्रिएका इन्जीनियरिङ कलेजहरुले गुणस्तरीय शैक्षिकस्तर कायम गर्न सकेका छन् कि छैनन् त्यो बिचारनिय रहेको औंल्याउदै विश्वविद्यालयमा देखिएको राजनैतिक हस्तक्षेपले शैक्षिक गतिविधिमा गलत प्रभाव पारेको स्पष्ट देखिएकोले सो को अन्त्य हुनुपर्ने बताउदै शैक्षिक क्यालेण्डर अनिवार्य रुपमा लागू गर्नुपर्नेमा जोड दिएका छन्।

उक्त कार्यक्रममा २०७९ को सिभिल इन्जीनियरिङ्ग तर्फको प्रवेश परिक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउन सफल छात्रा मनिषा सुवेदी तथा २०८० को कम्प्युटर इन्जीनियरिङ्ग तर्फको प्रवेश परिक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउन सफल छात्रा निशा लिगललाई नगद राशी सहित प्रमाणपत्रले सम्मानित गरिएको थियो।

कार्यक्रममा सम्मानित छात्रा मनिषा सुवेदीले प्रतिष्ठान परिवारको प्रशंसा तथा आभार व्यक्त गर्दै यस्तो प्रेरणात्मक पुरस्कारको इज्जत जोगाउन अभिप्रेरित भई रहनका लागि अध्ययनमा ईमान्दार प्रयास गरिरहने बताएकी छन्। यसैक्रममा अर्का पुरस्कृत छात्रा निशा लिगलका पिता कृष्णप्रसाद लिगलले आफ्ना छोरा छोरीको प्रगतिमा खुशी नहुने अविभावक को होला ? भन्दै २०७२ सालको भुकम्पमा पुरिएकी तथा २०७९ मा भक्तपुर सल्लाघारीमा रुख ढलेर घाइते भई जीवित उद्धार गरिएकी आफ्नि छोरीले यसरी सर्वोत्कृष्ट नतिजा ल्याई पुरस्कृत भएकीमा आफू खुशीले पुलकित भएको बताउँदै उनको उज्वल भविष्यको कामना गरेका छन्।

यसैगरि उक्त कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्रका लागि पुरुषोत्तम श्रेष्ठ लगायत विभिन्न समयमा कार्यपत्र प्रस्तुत गरिसकेका प्रस्तोताहरु क्रमशः प्रा. डा. रविन्द्रनाथ श्रेष्ठ , प्रा. डा. राजेन्द्र प्रसाद अधिकारी तथा प्रा.रामचन्द्र सापकोटालाई प्रमुख अतिथिद्वारा मायाको चिनो प्रदान गरि सम्मानित गरिएको थियो।

प्रतिष्ठानका सदस्य हरिराम चौधरी द्वारा प्रतिष्ठानका गतिविधी लगायतका विषयमा प्रकाश पार्दै उपस्थित महानुभावहरुलाई स्वागत गरिएको थियो।

यसैक्रममा पुल्चोक इन्जिनियरिङ कलेजका क्याम्पस प्रमुख प्रा.डा. ईन्द्रप्रसाद आचार्यद्वारा शिक्षासेवी समाजसेवी सुयोग्य प्राध्यापक तथा बिकाश निर्माणका योजनाद्रष्टा ( सर्भेयर ) बाबुराम भट्टराईको योगदानको चर्चा गर्दै पुल्चोक इन्जीनियरिंग क्याम्पसको अस्तित्व जोगाउनमा तत्कालीन डीनका रुपमा रहेका बाबुराम भट्टराईको योगदानको चर्चा गर्दै सदैव स्मरणीय रहने विचार व्यक्त गरेका छन्।

यसैक्रममा प्रा.डा.शशीधरराम जोशीद्वारा सुयोग्य प्राविधिक जनशक्ति निर्माणमा महत्वपूर्ण योगदान दिन सफल यस क्याम्पसमा अध्ययन गरेका धेरै जनशक्तिहरु विश्वका बिकशित तथा शक्तिशाली राष्ट्रमा प्राध्यापनरत रहेकाले जनशक्ति पलायनलाई अवसर र अभिशाप दुवैको रुपमा बुभ्नुपर्ने बताएका छन्।

अन्त्यमा बाबुराम भट्टराई स्मृति प्रतिष्ठानकी अध्यक्ष मथुरादेवी भट्टराई द्वारा स्वर्गीय बाबुराम भट्टराईको स्मृति दिवसले खुशी र पीडा दुवैको सम्भ्रना गराउने कुरा उल्लेख गर्दै इन्जिनियरिङ्ग विषय अध्ययन तथा क्षमता प्रस्तुत गरेका र बिशिष्टता हासिल गरेका विद्यार्थीहरुलाई सम्मानित गर्न पाउँदा अपार खुशी लागेको बताउँदै उपस्थित सम्पूर्ण महानुभाव प्रति आभार व्यक्त गर्दै कार्यक्रमको समापन गरिएको थियो।

संगीता पंगेनीद्वारा कुशलतापूर्वक सहजकर्ताको भूमिका निभाइएको उक्त कार्यक्रममा समाजका लब्धप्रतिष्ठीत व्यक्तिहरुको बाक्लो उपस्थिति रहेको थियो।


# "टाइगर ३" ओटिटी प्लेटफर्ममा रिलिज हुँदै



**काठमाडौं–** बलिउड फिल्म "टाइगर ३" ओटिटी रिलिजलाई लिएर चर्चामा आएको छ। यो फिल्म नोभेम्बर १२ मा सिनेमा हलमा प्रदर्शन भएको थियो। भारतीय संचारमाध्यमका अनुसार फिल्मले ४५० करोड भारू कमाइसकेको छ।

हलमा रिलिज भएको ३ महिनापछि फिल्म अमेजन प्राइममा रिलिज हुने बताइएको छ। मनिष शर्माले निर्देशन गरेको फिल्ममा सलमान खान, कट्रिना कैफ र इमरान हाशमीको मुख्य भूमिका छ। यो यशराज फिल्म्सको स्पाई युनिभर्सको पाँचौ फिल्म हो।

# अभिनेता दयाहाङ राईको फिल्म 'गाउँ आएको बाटो' जेठमा रिलिज हुने



**काठमाडौं–** अभिनेता दयाहाङ राई अभिनित फिल्म 'गाउँ आएको बाटो' नयाँ वर्षको जेठमा प्रदर्शन हुने भएको छ। निर्माण युनिटले वितर कसँगको छलफलबाट प्रदर्शन मिति जेठ १८ मा तय भएको जनाएको छ।

फिल्म नवीन सुब्बाले निर्देशन गरेका हुन्। फिल्ममा दयाहाङको अलावा प्रशन राई र पशुपति राईको अभिनय छ। अमोद राई र नवीन सुब्बाको निर्माणमा तयार भएको फिल्ममा महेश राई र नवीन सुब्बाको पटकथा छ। बाबु र छोराको सम्बन्धमा आउने उतारचढावको कथामा बनेको हो।

विभिन्न अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा समेत सहभागी भएको यो फिल्म मेन्क्षायम पिक्चर्स र बाँसुरी फिल्मसको ब्यानरमा निर्माण भएको हो।

# धनकुटामा घरभित्र थुनेर वडाअध्यक्ष सहित आगजनीमा मानवीय क्षति नभएको प्रहरीको प्रष्टोक्ति

■ मोहन कार्की

**काठमाडौं–** मिति: २०८० साल मंसिर १८ गते राति बिभिन्न सामाजिक सञ्जालमा धनकुटाको पाखिवास वाडन ६ का वडाअध्यक्ष सहित परिवारलाई घरमै थुनेर आगजनी गरेको सामाजिक सञ्जालमा आएको घटनामा मानवीय क्षति नभएको धनकुटाका जिप्रकाका प्र.ना.उ.ले जानकारी दिएकाछन्। आगजनी गर्न प्रयास भएको चै उनले पनि स्वीकार गरेकाछन्। आगजनी गर्न प्रयास गरेको भनेर संकस्पद विक थरका एकजनालाई प्रहरीले नियन्त्रणमा लिएको र अनुसन्धान भईरहेको जानकारी दिए। प्रक्राउ परेका ब्यक्तिको नाम बताईदिनुसन भनेर हाम्रा संवादाताले अनुरोध गर्दा प्रनाउ महर्जनले "अनुसन्धान भईरहेको हुनाले भन्न नमिल्ने" बताएकाछन्।

तर घरमा भने आगलागी भएको समयमा प्रहरी र स्थानीयको संयुक्त प्रयासमा नियन्त्रण गरिएको बताइएको छ।




यसै विषयलाई पाखिवास नगरपालिकाका मेयर ज्ञान बहादुर गुरुङलाई सम्पर्क गरेर बुभ्दा उनले घटना भएको हो घटनास्थलमा आफु नगएको र प्रहरी प्रशासनसँग विस्तृतमा बुझ्न भनेकाछन्। जसको घरमा आगजनी गरिएको छ। त्यस वडाका वडा अध्यक्ष देवेन्द्र गुरागाई हुन्। उनलाई हामीले सम्पर्क गरेर सत्य तथ्य के हो भनि सोधेका छौं। उनको भनाई यस्तो छ। "१६ गते आफु बिराटनगर गएर आएको र थाकेर खानाखाईवरी सुतेका थियौ। रातको १२ बजेतिर पिरो खुसानीको राग आयो उठेर हेर्दा तल्लो तलामा हाम्रो किचन थियो त्याहावाट आगोको मुस्लो बलिरहेको रहेछ। दौडिदै गएर ढोकावाट निस्न खोज्दा बाहिरवाट ताला लगाएको पाएपछि चिच्याएर गुहार माग्यौ त्यसपछि छिमेकीले भऱ्याङ ल्याएर हामीले भ्यालवाट झरेर ज्यान बचायौं। त्यसपछि छिमेकी सवै मिलेर आगो निभाउदै जादा जसले आगो लगाउन आएको त्यसले तल्लो तलामा भएका लुगाफाटा एक ठाउँमा जम्मा गरेर ग्यासका सिलिण्डरमा आगो लगाएर पड्काउन खोजिएको जस्तो देखिन्छ। तर समयमा नै हामीले थाहा पाएको हुनाले हामी बाच्न सफल भयौ र प्रहरीलाई खबर गरेर घटना जानकारी गराएका छौ। प्रहरी अनुसन्धान भईरहेको छ भनेको छ। दोषिलाई कानुन अनुसार कारवाही होला।" ६ न. वडा अध्यक्षको भनाई

यस घटनामा सामाजिक सञ्जालमा आएको जस्तो मानवीय क्षति नभएको तर धनमाल भने केही क्षति भएको देखिन्छ।

समाचारको स्रोत:

धनकुटा जिप्रका,पखिवास नगरपालिका वाडन २ का वडा अध्यक्ष, पाखिवास नगरपालिकाका मेयर ज्ञान बहादुर गुरुङ, पीडित स्वम ६ नं वडा अध्यक्ष देवेन्द्र गुरागाईलाई लिएको टेलिफोनको आधारमा लिएको हो।


# भीरबाट खसेर घाइते भएका अभिनेता प्रकाश घिमिरे फेरी अभिनयमा फर्किए

**काठमाडौं–** घाँस काट्ने क्रममा भीरबाट खसेर घाइते भएका अभिनेता प्रकाश घिमिरे स्वास्थ्य लाभपछि काममा फर्किएका छन्।

आइतवार उनले बुढानिलकण्ठस्थित मह स्टुडियोमा 'महाजात्रा'को छायांकन सेट ज्वाइन गरे। डेढमहिनापछि सुटिङमा फर्किंदा उनी खुसि देखिए। 'जात्रा'को पहिलो श्रृंखलादेखि नै उनी अभिनेत्री वर्षा राउतको पिताको भूमिकामा छन्। 'चिकित्सकको सल्लाह अनुसार आराम र काम गरिरहेको छु', अभिनेता घिमिरेले भने।

शुक्रबार छोरीसहित पोखरादेखि काठमाडौंबाट उनलाई फिल्म निर्माताले शनिबार आराम गर्न भनेका थिए। सोहीअनुसार उनी आइतबारदेखि काममा फर्किए। निर्माता म्याक्स दीपेश खत्रीले घिमिरेलाई छायांकनस्थलमा देख्दा सबैको मुहारमा खुशी छाएको बताए।

'उहाँ स्वास्थ्यलाभ गरेर फर्किनु हुन्छ भन्नेमा हामी विश्वस्त थियौं। त्यसैले उहाँको दृश्य बाँकी राखेर अन्य भागको छायांकन गर्‍यौं। उहाँलाई नित्य काममा देख्न पाउँदा खुसी लागेको छ', उनले भने। उनले घिमिरेको सबै दृश्यको सुटिङ सक्ने बताए।



अहिले घिमिरे र हरिवंश आचार्यको भागको दृश्य छायांकन सुरु भएको छ। 'जात्रा' र 'जात्रै जात्रा'को व्यावसायिक र समीक्षात्मक सफलतापछि षट्कोण आर्टसको निर्माणमा तेस्रो शृङ्खला 'महाजात्रा' को छायाङ्कन काठमाडौंसँगै तराईको भूभाग समेत गरिने छ।

निर्देशक प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भईरहेको फिल्ममा विपिन कार्की, रविन्द्रसिंह बानियाँ, रविन्द्र झा, वर्षा राउत, अर्जुनजंग शाही, राजाराम पौडेल, प्रवीण खतिवडा, दिव्यदेव, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्काको पनि अभिनय समावेश छ।

फिल्मको प्रदर्शन मिति चैत ९ गतेलाई तय गरिएको छ। प्रकाश घिमिरेको कुरा गर्दा, 'महाजात्रा'को छायांकन सकिए लगत्तै उनी रामबाबु गुरुङको 'डिग्री माइला'मा व्यस्त हुनेछन्।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १८, २०८० साल मंसिर २६ गते मंगलबार (Dec 12, 2023)

# रोट्र्याक्ट क्लव कुसोमद्वारा धुम्रबराहा माबिलाई बिभिन्न सहयोग प्रदान

**काठमाडौं–** काठमाडौं बिश्वबिद्यालय अन्तर्गतको कुसोम (Kathmandu University School Of Management) रोट्र्याक्ट क्लवले धुम्रबराहा माध्यिमक बिद्यालयलाई बिभिन्न सहयोग प्रदान गरेको छ ।

शुक्रबार सो बिद्यालयमा आयोजित एक कार्यक्रमका बीच कुसोम रोटार्क्ट क्लव (KUSOM Rotaract Club)को संस्थापक सभापतिमा स्नेहा चिमौरियाले मर्यादित महिनावारी दिवसको उपलक्ष्यमा कक्षा ७,८,९ र १० का छात्रालाई पुनःप्रयोग गर्न मिल्ने प्याड १३० थान र २५ थान अन्डरबेयरका साथै कलर पेन्सिल र कलर ९६ थान, कपि १०० थान, पुस्कालायाको लागि सन्दर्भ पुस्तक ७० वटा, पेन्सिल ब्याग १०० वटा, खेलकुद सामग्री (ब्याडमिन्टन, फुटबल र टेनिस टेवललगायत) र ट्याकसुट लगायतका लुगाहरु धुम्रबराहा माध्यिमक बिद्यालयका प्रधानाध्यापक सुजाता राजलवट मार्फत हस्तान्तरण गरेकी हुन् ।



उक्त सामग्री हस्तान्तरण गर्दै कुसोम रोटार्क्ट क्लव (KUSOM Rotaract Club) को संस्थापक सभापतिमा चिमौरियाले आगामी दिनमा पनि बिद्यालयलाई सक्दो सहयोग गर्दै जाने बताइन भने उक्त बिद्यालयका प्रधानाध्यापक सुजाता राजलवटले रोट्र्याक्ट क्लव कुसोमले बिद्यालय र विद्यार्थीका लागि सहतोग गरेकोमा धन्यवाद दिदै आगामी दिनमा पनि यस्तै सहयोगी भावना लिएर अगाडी बढ्न रोट्र्याक्ट क्लव कुसोमलाई शुभकामना दिईन ।

रोट्र्याक्ट क्लव कुसोमद्वारा आयोजित उक्त कार्यक्रमलाई सफल बनाउन रोटरी क्लव पाटन साउथ, बुद्ध पब्लिकेशन, प्रभु बैंक, इनयाँ क्याफे र बुद्ध पब्लिकेशन लगायतका संस्थाहरुको सहयोग रहेको बताइएको छ ।

# टाटाका सही सक्कली सामानको जानकारी गराउन धनगढीमा भेला



**काठमाडौं–** सिप्रदी अटोपार्टस प्रा.लि ले मिति २०८०/८/१९ गते प्रदेश सातको धनगढीमा टाटा गाडीहरुसगं सम्बन्धित मेकानिक्स तथा पार्टस बितरकहरुको भेला आयोजना गरेको छ ।

भेला आयोजनाको प्रमुख उद्धेश्य टाटाका सामानहरु सही तथा सक्कली प्रयोग गर्ने र ग्राहकहरुलाई अधिकतम फाईदा उपलब्ध गराउने उदेश्यले गरेको सिप्रदी ट्रेडिङले जानकारी दिएको छ। यो कार्यक्रममा सिप्रदी अटोपार्टसका वरिस्ठ महा.प्रवन्धक युवराज बुढाथोकीले सक्कली टाटा पार्टसको प्रयोग गर्नाको फाईदाहरुको बारेमा प्रकाश पारेका थिए। सो कार्यक्रममा करिब ५० जनाको उपस्थिति रहेको थियो र कार्यक्रम सिप्रदी अटोपार्टसका क्षेत्रिय प्रबन्धक डम्बर चन्दले गरेका थिए । साथै उत्कृष्ठ काम गर्ने टाटा गुरु तथा पार्टसका वितरकलाई उपहार सहित सम्मान गरिएको थियो ।

# कामना सेवा विकास बैंकद्वारा १६ औं शाखा रहित बैंकिङ्ग सेवा सञ्चालन



**काठमाडौं–** कामना सेवा विकास बैंक लिमिटेडले देशका विभिन्न स्थानहरुमा सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ्ग सेवा पुऱ्याउने उद्देश्यका साथ थप नयाँ स्थानहरूमा मोबाइल एप मार्फत शाखारहित बैंकिङ्ग सेवा शुभारम्भ गरेको छ ।

बैंकले सेवा विस्तार गर्ने क्रममा मिति २०७९ साल आषाढ १० गते शुक्रबारबाट कैलाली जिल्लाको जानकी गा.पा. वडा नं. ०५ को अमौरामा शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । जानकी गा.पा. वडा नं ०५अमौरा स्थित रामचौधरी तयारी पोसाक उद्योग(प्रो. रामचौधरी) लाई शाखा रहित बैंकिङ्ग सञ्चालनको लागि व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको छ ।

वडा नं. ०५ का वडा अध्यक्ष भिम बहादुर चौधरीले उक्त शाखा रहित बैंकिङ्ग सेवाको समुद्घाटन गरी सेवा शुभारम्भ गर्नु भएको थियो । कार्यक्रममा वडा नं. ०५ का अन्य जनप्रतिनिधि रुगृ व्यावसायिक प्रतिनिधि, स्थानी यमहान भावहरुका साथै बैंकका अन्य कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

शाखा रहित बैंकिङ्गमा फर्त खाता खोल्ने, निक्षेप संकलन, रकम भुक्तानी, विभिन्न बिल भुक्तानी लगायतका सुविधाहरु प्रदान गरिनेछ । यो सेवाबाट ग्रामीण तथा बैंकिङ्ग पहुंच नपुगेका क्षेत्रमा बैंक प्रति उल्लेख्य विश्वास एवं बैंकिङ्ग अवधारणाको विकास हुने अपेक्षा बैंकले लिएको छ ।

# प्रभु क्यापिटलका हितग्राही ग्राहकका लागि मेरिना ईम्पेक्स एन्ड टेलरिब सेन्टरमा विशेष छुट



**काठमाडौं–** प्रभु क्यापिटलले आफ्ना हितग्राही ग्राहकको लागि विशेष अफर ल्याएको छ । प्रभु क्यापिटल लिमिटेड र मेरिना ईम्पेक्स एन्ड टेलरिब सेन्टरका बीचमा समझौता भएको छ ।

यहि मिति १७ मब्सिर २०८० का दिन भएकोउक्त सम्झौतापत्रमा क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत आशिष गौचनले तथा मेरिना ईन्पेक्स एन्ड टेलरिब सेन्टरको तर्फबाट प्रबन्ध निर्देशक मोहन मान जोशीले हस्ताक्षर गरेकाछन् । यस सम्झौता अनुसार अर्न्तगत प्रभु क्यापिटलमा हितग्राही खाता खोलेका ग्राहक महानुभावहरुल मेरिना ईम्पेक्स एन्ड टेलरिब सेन्टरबाट सेवा लिदा २५ प्रतिशत छूट अफर पाउने भएका छन् ।

यो अफरबाट लाभ लिन प्रभु क्यापिटलका हितग्राही ग्राहकहहरूले प्रभु क्यापिटलमा डिम्याट खाता रहेको आधिकारिक प्रमाण (म्भबत ऋयलाष्कबतष्यल) तथा आफनो्आई डी कार्ड प्रस्तुत गर्नुपर्नेछ जसको आधारमा ईम्पेक्सले ग्राहकलाई प्रिभिलेज कार्ड दिनेछ । यो अफर क्यापिटलका हितग्राही ग्राहकहरुले समझौता अवधिदेखि आगामी २ बर्ष अवधि १७ मंसिर २०८२ सम्मका लागि ईम्पेक्सको सम्पूर्ण शाखाहरुबाट प्राप्त गर्नसक्नेछन् ।

यसले बागबजार, न्यूरोड, गाबाल, सामाखुशीमा रहेका ४ वटा आउटलेट मार्फत सेवा प्रदान गर्दछ । प्रभु क्यापिटल र मेरिना ईन्पेक्स एन्ड टेलरिब सेन्टरबीचको यो सम्झौताले क्यापिटलका ग्राहकहरूलाई शर्टिब तथा सुटिब तथा टेलरिब सेन्टरको सेवामा आकर्षक छुट प्राप्त गर्न सक्नेछन्। "प्रभु क्यापिटलमा हितग्राही खाता खोलेका ग्राहकहरुका लागि प्रभावकारी रुपमा मर्चेन्ट बैकिङ्ग सेवा दिनुका अतिरिक्त ग्राहकलाई थप सन्तुष्टि दिन क्यापिटलले समय समयमा यस्ता व्यवसायिक समझौता गरी यस्ता छूट तथा अफर सुबिधा दिन समेत कम्पनी सधै अग्रसर रहेकोछ" भनी प्रभु क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशिष गौचनले बताए ।

प्रभु क्यापिटल लिमिटेड मर्चेन्ट बैंकमा अग्रणी क्यापिटल हो जसले समयानुसारको प्रविधि अपनाउँदै आफ्ना ग्राहकहरुलाई सेवा प्रदान गर्ने, पूँजीबजारसँग सम्बन्धित सचेतना तथा तालिम कार्यक्रम गर्नुका साथै आफ्ना एचयमगअत हरु संगै गाँसी सामाजिक उत्तरदायित्व कार्य समेत वहन गर्दै आईरहेको छ ।

मेरिना ईन्पेक्सलेसन् १९८३ देखि ग्राहकको सेवामा गुणस्तर र प्रतिस्पर्धी मूल्यको साथ उत्कृष्ट सेवा प्रदान गर्ने एक अग्रणी सूट र शूर्टिंग टेलरिब हो । मेरिना इम्पेक्सले ग्राहकलाई सूट, दौरा सुरुवाल, पार्टी वेयर, अफिस वेयर आदि उपलब्ध गराउँदछन् । . तय ऋयफउभितभ थयगच उभचकयलबष्तिथ भन्ने लक्ष्य राखेको मेरिना ईम्पेक्सले स्तरीय कपडा र उच्चतम गुणस्तरीय सेवा दिनका साथै ग्राहकको व्यक्तित्व सुहाँउदो कपडा सिलाउनलाई सुझाव समेत दिने गर्दछ ।

# लोकतन्त्रको रक्षा ९ जिल्लामा नागरिक संवाद कार्यक्रम



काठमाडौं- लोकतन्त्रको रक्षार्थ सुशासनको प्रत्याभूति र सद्भाव प्रवर्द्धनमा केन्द्रित रही मानव अधिकार तथा शान्ति समाजले ९ जिल्लामा नागरिक संवाद कार्यक्रम सम्पन्न गरेको छ ।

२०८० मङ्सिर १६ गते कास्कीको पोखराबाट सुरु भएको अभियान अन्तर्गत मङ्सिर २० सम्ममा स्याङ्जा, पाल्पा, रुपन्देही, नवलपरासी पश्चिम, नवलपुर, चितवन, गोरखा र नुवाकोटमा नागरिक संवाद कार्यक्रम सम्पन्न भएको छ । समाजका संस्थापक सभापति कृष्ण पहाडी, सभापति रामकृष्ण बरालसहित स्थानीय नागरिक समाजका प्रतिनिधिहरू र राजनीतिक समाजका प्रतिनिधिहरूले मन्तव्य व्यक्त गरेको नागरिक संवाद कार्यक्रममा सर्वसम्मतिबाट ९ वटा नागरिक सङ्कल्प समेत जारी भएको छ ।

७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका दिन मङ्सिर २४ गते काठमाडौं रामशाहपथस्थित नेपाल बार एशोसियसनको सभाकक्षमा दिउँसो १ बजे शान्ति समाजद्वारा आयोजना गरिएको नागरिक संवाद कार्यक्रममा उक्त नागरिक सङ्कल्प र नौ जिल्लामा व्यक्त नागरिक आवाजको सार प्रस्तुत गरिने छ । यो कार्यक्रम देशव्यापी रूपमा आयोजना गरिँदै छ ।

लोकतन्त्र रक्षा अभियान अन्तर्गत शान्ति समाजले नागरिक संवाद कार्यक्रमको पृथक् स्वरूप अघि सारेको छ भने नागरिक संवाद कार्यक्रमको प्रारम्भमै मानव अधिकार तथा शान्ति समाजकै कमी कमजोरी र समाजका संस्थापक सभापति कृष्ण पहाडीकै बारेमा पनि आलोचना गर्न पाउने जानकारी गराउँदै उपस्थित सहभागीहरूलाई मन्तव्य व्यक्त गर्न आग्रह गरिएको थियो ।

जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भूकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार/ सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सकिने व्यहोरा अनुरोध छ।

| बैंकको नाम | खाता नं (चल्ती खाता) |
|---|---|
| राष्ट्रिय वाणिज्य बैक,पुतलीसडक | ११३०१००००३७६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९००००००१ |
| एभरेष्ट बैंक लिमिटेड,नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड, लाजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, बानेश्वर | ००४०१०१००००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नाबिल बैंक लिमिटेड, दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस